म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २७३ | बिहीबार, १ जेठ २०८२ | ने. सं. ११४५ बछलागा | 15 May 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## झरना साहित्यिक परिवारद्वारा फरक कार्यक्रम

हेटौंडा, ३१ बैशाख/झरना साहित्यिक परिवार मकवानपुरले बुधबार बकैयामा फरक खालको कार्यक्रम गरेको छ । संस्थाद्वारा प्राय: कविता, मुक्तक, गजल, लघुकथा तथा निबन्ध विधा तथा उपविधाका कार्यक्रम गर्ने गरेकामा नेपाली भाषा शुद्ध लेखन प्रेरणा दिने उद्देश्यले नेपाली अन्ताक्षरी प्रतियोगिता गरिएको हो । प्रतियोगितामा महेन्द्र माध्यमिक विद्यालय छतिवनका कक्षा ८-१० का साधारण तथा प्राविधिक धारका गरी पाँच/पाँच जनाको पाँच समूह सहभागी भएका थिए । तीमध्ये समृद्धि स्याङ्बो, प्रिन्सी गौतम, विक्रम थिङ तथा प्रितम थापासमेतको रश्मि लामिछानेको समूह प्रथम भएको थियो । कार्यक्रममा झरना साहित्यिक परिवारका संस्थापक अध्यक्ष रमेशमोहन अधिकारी, पूर्वअध्यक्ष उद्धव सापकोटा, महेन्द्र मावि विव्यसका अध्यक्ष परशुराम गौतम, नारायण चापागाईं, सुभद्रा थापा तथा सन्तोष विक्ले मन्तव्य व्यक्त गरेका थिए । प्रधानाध्यापक देवकी सिग्देलको समेत उपस्थिति रहेको कार्यक्रममा पुरस्कार प्रायोजन गायत्री रुपाखेतीले गरेकी थिइन् । सो कार्यक्रमको सभाध्यक्षता झसापकी उपाध्यक्ष गायत्री रुपाखेतीले गरेकी थिइन् ।

### प्रदेशको वित्तीय समानीकरण अनुदान:

# सबैभन्दा बढी हेटौंडा उपमहानगरले पाउने, कम राक्सीराङलाई

साझाकुरा संवाददाता

हेटौंडा, ३१ बैशाख/ आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बागमती प्रदेश सरकारले पालिकाहरुको लागि वित्तीय समानीकरण अनुदानको अनुमानित बजेट तोकेको छ ।

प्रदेशका १ सय १९ वटै स्थानीय तहका लागि पठाइने वित्तीय समानीकरण अनुदानको बजेट तोकिदिएको आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत ईन्द्रराज संज्यालले जानकारी दिएका छन् । अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४, प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा प्रदेशअन्तर्गतका सबै पालिकालाई अनुमानित बजेट पठाएको हो । मन्त्रालयले न्यूनतम, सुत्रमा आधारित र कार्यसम्पादन मूल्यांकनमा आधारित भएर समानीकरण बजेट पठाएको हो ।

मकवानपुरका दश पालिकामध्ये सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकाले समानीकरण अनुदान पाउने भएको छ । हेटौंडाले न्यूनतम ३२ लाख २० हजार, सुत्रमा आधारित २ करोड ७१ लाख ७७ हजार, कार्यसम्पादनमा आधारित अनुदान ५ लाख ७३ हजार गरी कुल ३ करोड ९ लाख ७० हजार अनुदान पाउने भएको छ । सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाले समानीकरण बजेट पाएको छ । इन्द्रसरोवरले न्यूनतम १३ लाख ३० हजार, सुत्रमा आधारित ४७ लाख ६४ हजार र कार्यसम्पादन मूल्यांकनमा आधारित ५ लाख २५ हजार गरी कुल ६६ लाख १९ हजार रुपैयाँ समानीकरण अनुदान पाउने भएको छ ।




थाहा नगरपालिकाले आगामी आर्थिक वर्षका लागि १ करोड २५ लाख ८६ हजार समानीकरण अनुदान पाउने भएको छ । थाहाले न्यूनतम १७ लाख १५ हजार, सुत्रमा आधारित १ करोड २ लाख १७ हजार तथा कार्यसम्पादनमा आरित अनुदान ६ लाख १७ हजार पाउने भएको छ । कार्यसम्पादनमा आधारित यो बजेट मकवानपुरका सबै स्थानीय तहको भन्दा बढी हो । कैलाश गाउँपालिकाले ९० लाख ५२ हजार अनुदान पाउने भएको छ । कैलाशले न्यूनतम १८ लाख ६० हजार, सुत्रमा आधारित ६५ लाख ८४ हजार र कार्यसम्पादनमा आधारित ६ लाख ८ हजार रुपैयाँ पाउने भएको हो । राक्सिराङ गाउँपालिकाले ९६ लाख ११ हजार रुपैयाँ समानीकरण अनुदान पाउने भएको छ ।

राक्सिराङका लागि न्यूनतम १८ लाख ६० हजार, सुत्रमा आधारित ७१ लाख ६४ हजार तथा कार्यसम्पादनमा आधारित अनुदान ५ लाख ८७ हजार रहेको मन्त्रालयले जनाएको छ । मनहरी गाउँपालिकाले १ करोड २५ लाख ३० हजार अनुदान पाउने भएको छ । मनहरीले न्यूनतम १७ लाख ९५ हजार, सुत्रमा आधारित १ करोड १ लाख १८ हजार र कार्यसम्पादनमा आधारित ६ लाख १७ हजार रुपैयाँ पाउने भएको हो । भीमफेदी गाउँपालिकाले ९९ लाख ९३ हजार समानीकरण अनुदान पाउने भएको छ । न्यूनतम १८ लाख ६० हजार, सुत्रमा आधारित ७६ लाख ६८ हजार र कार्यसम्पादनमा आधारित ४ लाख ६५ हजार बजेट पाउने भएको हो ।

मकवानपुरगढी गाउँपालिकाले ९७ लाख ९३ हजार समानीकरण बजेट पाउने भएको छ । न्यूनतम १६ लाख ३५ हजार सुत्रमा आधारित ७५ लाख ४३ हजार र कार्यसम्पादनमा आधारित ४ लाख १५ हजार बजेट पाउनेछ । बकैया गाउँपालिकाले १ करोड २२ लाख ५६ हजार समानीकरण बजेट पाउने भएको छ । बकैयाले न्युनतम २२ लाख ४५ हजार, सुत्रामा आधारित ९५ लाख ९० हजार र कार्यसम्पादनमा आधारित अनुदान ४ लाख २१ हजार रुपैयाँ अनुदान पाउने भएको छ ।

बागमती गाउँपालिकाले १ करोड ८ लाख ३८ हजार रुपैयाँ बजेट पाउने भएको छ । न्यूनतम २१ लाख ६५ हजार सिफारिस भएको बकैयाले सुत्रमा आधारित ८१ लाख २२ हजार र कार्यसम्पादनमा आधारित ५ लाख ५१ हजार अनुदान पाउने भएको छ । बागमती प्रदेशका १ सय १९ स्थानीय तहका लागि कुल १ अर्ब ६६ करोड २५ लाख वित्तीय समानीकरण अनुदानमार्फत पालिकालाई बजेट पठाउने प्रदेश सरकारको अनुमान छ । जसमा न्यूनतम २१ करोड १९ लाख ७५ हजार, सुत्रमा आधारित १ अर्ब ३८ करोड ४० लाख २५ हजार र कार्यसम्पदानमा आधारित ६ करोड ६५ लाख रुपैयाँ अनुमानित बजेट विनियोजन गरिएको छ ।

# कैलाशमा लागूऔषध नियन्त्रण सम्बन्धी अन्तरक्रिया

साझाकुरा संवाददाता



हेटौंडा, ३१ बैशाख/ कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले मकवानपुरका अधिकांश यूवाहरु लागूपदार्थ सेवनमा फसेका बताएका छन् ।

बुधबार गाउँपीलकाको सभाहलमा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय मकवानपुरको संयुक्त आयोजनामा भएको लागूऔषध नियन्त्रणसम्बन्धी अन्तरक्रिया तथा नागरिक सुनुवाइ कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष मुक्तानले मकवानपुरका अधिकांश युवा दुर्व्यसनीमा फसेको बताए । गाजाँखेतीको विषयमा विद्येयक प्रदेश सरकार र संघीय सरकारमा दर्ता भएको अवस्थामा खेती गर्नेको संख्या बढ्दो रहेको उनले बताए । कैलाश र राक्सिराङमा कच्चापदार्थ उत्पादन हुन्छ, त्यो भारत पुगेर लाखौं मूल्यमा नेपाल भित्रने गरेको अध्यक्ष मुक्तानले बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले लागूपदार्थ गाजाँ र अफिमखेती, विक्रीवितरण र सेवनको अन्त्य गरिनुपर्ने बताइन् । कार्यक्रममा प्रहरी उपरीक्षक विश्वराज खड्काले लागूऔषधसम्बन्धी आफ्नो प्रस्तुती दिएका थिए । उनले दुर्व्यसनका चरणहरु, शारीरिक तथा मानसिक असरहरु, यूवामा परेको असर, ऐनमा उल्लेख भएका विशेषता तथा दण्ड सजायबारे जानकारी दिएका थिए ।

अफिमबाट बन्ने ब्राउन सुगर प्रयोगकर्ता मकवानपुरमा अन्य जिल्लाभन्दा अग्रस्थानमा रहेको प्रहरी उपरीक्षक खड्काले बताए । समस्या र चुनौती धेरै रहेको अवस्थामा नियन्त्रण गर्नमा नियमित कार्य गरि रहेको उनले बताए । चालु आवमा चार हजार तीन सय १७ किलो गाजाँ र २० किलो अफिम बरामद गरिसकेको तथ्यांकमा उल्लेख छ । कार्यक्रममा मकवानपुर रिकभरी समूहका अनिल लामाले आफ्ना अनुभव र दुर्व्यसनमा फस्ने किशोर अवस्था र यूवाको दुर्व्यसनको चक्रबारे प्रस्तुतीकरण गरेका थिए ।

वडा नं. १० का वडाध्यक्ष सूर्यबहादुर ब्लोन, वडा नं. ७ का अध्यक्ष उदासकुमार भोलन, वडा नं. ९ का अध्यक्ष भूवनसिं घलान, पूर्ववडाअध्यक्ष माणिकलाल मुक्तान, रवीन्द्र थिङ, महेश चेपाङ, राजकुमार चेपाङ, राजेन्द्र थिङले आफ्ना जिज्ञासा राखेका थिए । नागरिकता तथा राष्ट्रिय परिचयपत्रको विषयमा पनि छलफल भएको थियो । प्रजिअ श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष मुक्तानको प्रमुख आतिथ्यता रहेको थियो ।

प्रहरीउपरीक्षक खड्का, सशस्त्र प्रहरी बल १४ नं. गणका प्रमुख प्रहरीउपरीक्षक सन्तोषविक्रम शाह, राष्ट्रिय अनुसन्धान हेटौंडाका उपअनुसन्धान निर्देशक प्रज्ज्वल खड्का, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतको आतिथ्यता रहेको थियो । गाउँपालिका वडाध्यक्षहरु, कार्यपालिका सदस्य, राजनीतिक दलका प्रतिनिधि, स्थानीयबासी र कर्मचारीको सहभागिता रहेको थियो ।

## परमेश्वरको मण्डली विश्व सुसमाचार समाजको सरसफाई अभियान

साझाकुरा संवाददाता

हेटौंडा, ३१ बैशाख/परमेश्वरको मण्डली विश्व सुसमाचार समाजले हेटौंडाको मुख्य बजारक्षेत्रमा सरसफाइ अभियान संचालन गरेको छ ।

स्वच्छ समाज निर्माण र वातावरणीय सचेतना फैलाउने उद्देश्यले गरिएको यस अभियानमा ४ सय जना स्वयंसेवक सहभागी भएका थिए । मण्डलीका सदस्य, स्थानीय सुरक्षाकर्मी, नगरप्रहरी र समुदायका व्यक्तिको सहकार्यमा ३ किलोमिटर क्षेत्रको सर सफाइ गरिएको थियो । अभियानमा करिब ३ टिपर प्लास्टिकजन्य फोहोर संकलन गरिएको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगर उपप्रमुख राजेश बानियाँले सरसफाइ अभियानको प्रशंसा गर्दै यो कार्यले वातावरणीय चेतना अभिवृद्धिमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

परमेश्वरको मण्डलीले यसअघि पनि विभिन्न सामाजिक कार्य (रक्तदान, वृद्धाश्रममा सेवा, भूकम्प प्रभावित क्षेत्रको सहयोग, तथा वातावरणीय सरसफाइ) लगायत विविध सेवा सञ्चालन गर्दै आएको छ । नेपालमा मात्रै हालसम्म ५० हजारभन्दा बढी व्यक्ति सहभागी भएर ९ सय भन्दा बढी सामाजिक सेवा कार्यक्रम सम्पन्न भइसकेका छन् । मण्डलीले संसारका १७५ भन्दा बढी राष्ट्रमा सामाजिक सेवा कार्य गर्दै आएको छ र यसका लागि अन्तर्राष्ट्रिय स्तरमा विभिन्न सम्मान तथा पुरस्कार प्राप्त गरिसकेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# हेसिउलिको स्वामित्व प्रदेशलाई ?

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले हेटौंडा सिमेन्ट उद्योग र कपडा उद्योगको स्वामित्वको प्रदेशले पाएको खण्डमा नाफामा लैजाने दाबी गरेका छन् । मुख्यमन्त्री लामाले आफूले केही समयअघि संघीय सरकारसँग सिमेन्ट उद्योग र कपडा उद्योगको स्वामित्व प्रदेश सरकारलाई दिन माग गरिएको तर, केन्द्रिकृत मानसिकता हाबी हुँदा संघ सरकारले स्वामित्व दिन नमानेको उल्लेख गरे । हेटौंडा सिमेन्ट मलाई दिनुस्, दुई वर्षभित्र नाफा कमाएर देखाईदिन्छु, हामी पनि प्रयोग गर्छौं भनेको तर, दिनै नचाहेन उनले बताएका छन् । त्यसैगरी कपडा उद्योगको पुनर्निर्माण गरेर सञ्चालन गर्ने प्रस्ताव पनि आफूले संघीय सरकारसमक्ष राखेको उनले बताए । भाषण गरेको जस्तै उद्योग चलाउन सहज छैन भन्ने हेक्का मुख्यमन्त्रीलाई नभएको जस्तो लाग्यो । ५० वर्ष अघिको टेक्नोलोजी रहेको हेटौंडा कपडा उद्योगले आजको विश्व बजारसँग कुनैपनि हालतमा प्रतिष्पर्धा गर्न सक्दैन । अर्को कुरा भारत र चिनबाट आउने कपडासँग हाम्रो हेटौंडा कपडा उद्योगको उत्पादनले प्रतिष्पर्धा गर्नै सक्दैन ।

मुख्यमन्त्री वा मन्त्रीहरुले लगाएको कपडा युरोप र अमेरिकाबाट आयात भएका छन् । अमेरिकाबाट ल्याएका कपडा लगाएर हेटौंडा कपडा उद्योग चलाउँछु भन्नु जत्तिको लज्जास्पद भनाई अरु के नै होला र ? मंचमा बसेर भाषण ठोक्न जति सहज छ उद्योग संचालन गर्ने र खुला बजार अर्थनीतिमा आफूलाई प्रतिष्पर्धी रुपमा उतार्न त्यत्ति सहज छैन । नेपालको मौलिकता सबै लोप गराएर विदेशी संस्कृतिमा हामी रमाईरहेका छौं । मुख्यमन्त्री लामाले प्रदेश सरकारलाई उद्योग दिए प्रत्येक वर्ष नाफा नै नाफा हुने गरी सञ्चालन गर्ने ग्यारेन्टी गरेका छन् जुन असम्भव छ । यस्ता खोक्रा भाषणले प्रदेश सरकारको गरिमा बढ्दैन । नेपालका सरकारी स्वामित्वका उद्योगका कर्मचारीले काम गर्दैनन् । हाजिर गरेर तलव पकाउँछन् यदि काम गरिहाले भने अतिरिक्त पैसा खोज्छन् । अर्कोतिर सरकारले चलाएको उद्योगमा सामान्य निर्णय गर्न महिनौं कुर्नुपर्ने पद्दती छ जतिबेला उद्योगले धेरै नोक्सानी ब्यहोर्नु परिसकेको हुन्छ । स्थानीयस्तरको जनशक्ति प्रयोग गरेर रोजगारीको अवसर सिर्जना गर्ने कुरा मुख्यमन्त्री लामाले गरेका छन् जुन कार्यकर्ता पाल्ने बाहेक अरु केही हुनेवाला छैन । मुलुकमा काम गर्ने वातावरण छैन । श्रम गर्ने र पसिना बगाउनेको भन्दा राजश्व लुट्ने, सरकारी कोष ठग्नेलाई कदर गर्ने हाम्रो समाजको चलन छ । यस्तो अवस्थामा उद्योगमा काम गर्ने श्रमिक पाउन मुस्किल छ । स्थानीयस्तरमै उपलब्ध जनशक्ति प्रयोग गरेर उद्योगलाई नाफामा लैजान सक्ने क्षमता प्रदेशसँग भएको  मुख्यमन्त्री लामाले दाबी गरेका छन् । जुन कुरा बोल्नका लागि मात्र सुहाउने अवस्था छ । स्थानीयस्तरकै वा स्वदेशी उत्पादन प्रयोग गर्ने नीति ल्याएर कपडा उद्योगलाई पनि नयाँ ढंगले सञ्चालन गर्न सकिने धारणा राम्रो हो तर, कार्यान्वयनमा लैजान फलामको च्युरा चपाएसरह हुन्छ ।

सरकारी तलव खाने कर्मचारी, जनप्रतिनिधिका बालबालिका सामुदायिक विद्यालयमा पढाउने घोषणा कागजमा सीमित भएको जस्तै हो स्थानीय उत्पादन प्रयोग गर्ने सरकारको नीति पनि । गाउँमा बसेर पशुपालन गर्ने किसानले हरेक दिन दूध बिक्री गर्न बजारमा ल्याउने गरेको छ । उसले दूध बेचेको पैसाले ठाडो घाँटी लगाएर कोकाकोला दन्काइरहेको हुन्छ । हाम्रो समाज कतातिर गइरहेको छ ? स्वदेशी बस्तु प्रयोग गर्ने नीति केवल भाषणका लागि एजेण्डा मात्र हुन सक्छ । हेटौंडा सिमेन्ट उद्योग प्रदेश सरकाले स्वामित्व लिएर पनि संचालन गर्ने वातावरण बन्नेवाला छैन । हेटौंडा सिमेन्ट उद्योगले निजीक्षेत्रका सिमेन्ट उद्योगसँग प्रतिष्पर्धा गर्ने अवस्था छैन । प्रदेश सरकाले सक्छ भने लगानीमैत्री वातावरण निर्माण गर्ने र सरकारी तहको अनुगमन, नियमन गर्ने विषयमा बहस गर्दा उपयुक्त होला । सिमेन्ट उद्योग प्रदेश सरकारले चलाउन थाल्यो भने कोइला आपूर्तिमा, चुनढुँगा आपूर्तिमा घोटाला भनेर समाचारको हेडलाईनले पाठकलाई वाक्कदिक्क बनाउने छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ जेठ २ गते शुक्रबार १६ मे २०२५ । चतुर्थी, जेष्ठ कृष्णपक्ष । बछलागा ११४५ ने.सं. । सूर्योदय ५:१६, सूर्यास्त ६:४५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# मानव स्वास्थ्यमा वायु प्रदूषणको असर



✍ डा. माधव अधिकारी

विश्व बैंकको प्रतिवेदनअनुसार दक्षिण एसियामा वायु प्रदूषणबाट हुने रोगबाट बर्सेनि २० लाखको मृत्यु हुने गर्दछ । दक्षिण एसियामा वायु प्रदूषणको अवस्था भयावह छ । २.५ माइक्रोमिटर वा सोभन्दा साना धूलोका कणलाई पी.एम. २.५ भन्ने गरिन्छ । धेरै साना हुने यस्ता कणले फोक्सो हुँदै रक्तसञ्चार प्रणालीमा प्रवेश गरेर मानिसलगायत अन्य जीवित प्राणीमा अस्वस्थ बनाउँछ ।

सोको प्रभावबाट श्वासप्रश्वाससम्बन्धी रोगसँगै फोक्सोको क्यान्सर हुने डब्लुएचओले जनाएको छ । त्यस्तै विश्व बैंकको 'स्ट्राइभिङ फर क्लिन एयर: एयर पोलुसन एन्ड पब्लिक हेल्थ इन साउथ एसिया' अध्ययन प्रतिवेदनमा हावामा वार्षिक औसत पी.एम. २.५ को मात्रा ३५ माइकोग्राम प्रतिघनमिटरमा पाइएको उल्लेख छ । भारतको लखनउ, कोलकाता, बनारस, नयाँ दिल्ली, पटना, नेपालको काठमाडौं उपत्यका, बंगलादेशको ढाका, अफगानिस्तानको काबुल र पाकिस्तानको इस्लामावादमा वार्षिकरुपमा हावामा धूलोको कणको मात्रा औसतभन्दा बढी छ । सोअनुसार हावामा पी.एम. २.५ को मात्रा धेरै जनसंख्या भएको ठाउँमा २० गुणभन्दा बढी पाइएको छ ।

सो प्रतिवेदनअनुसार वायु गुणस्तरको लागि दक्षिण एसियाली मुलुकमा बनाएको नियम पनि प्रभावकारी कार्यान्वयन नभएको जनाएको छ । सो समस्या समाधानको लागि उत्सर्जनमा कटौतीसँगै क्षेत्रीय रुपमा पहल र समन्वयको खाँचो छ । पूर्णरुपमा नीतिगत व्यवस्था कार्यान्वयन गरिए हावामा धूलाको कणको मात्रा ४ प्रतिशतले मात्र घट्ने प्रतिवेदनमा उल्लेख छ । सन् २०१८ देखि २०३० मा यस क्षेत्रमा धूलोको कणको मात्रा १२ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ । प्रदूषण बढ्नुको कारण खाना पकाउने दाउरा, स-साना उद्योगबाट निस्कने उत्सर्जन, इँटा उद्योग, फोहोर व्यवस्थापनमा कमजोरी, बढ्दो सवारी साधन, प्लास्टिक जलाउने कार्यले वायु प्रदूषण बढेको छ । साथै असन्तुलित रुपमा वितरण र प्रयोग हुने रासायनिक मलले पनि वायु प्रदूषण बढाउन भूमिका खेलेको र पश्चिम-दक्षिण एसियाली क्षेत्रमा धूलो, जैविक कम्पाउन्ड, वनमा डढेलोको प्रभावबाट वायु प्रदूषण भएको जनाएको छ ।

नेपालको सन्दर्भमा गर्मी बढेसँगै जतातत डढेलो लाग्ने, विभिन्न राजमार्ग तथा सडक निर्माण, डिजेल/पेट्रोल गाडी तथा अन्य विभिन्न कार्यले गर्दा प्रदूषण बढेको छ । विश्वका १०१ शहरको रियल टाइम प्रदूषण मापन गर्ने आईक्यु एअर नामक संस्थाका अनुसार २०८१ साल फाल्गुण ५ गते सोमबार काठमाडौं उपत्यकामा वायुको गुणस्तर सूचकांक १८४ पुगेको थियो । प्रदूषणको मात्रा बढी हुँदा काठमाडौं उपत्यकाको वातावरण धुमिल हुन पुग्यो ।

हुन त नेपालको संविधानको धारा ३० मा स्वस्थ वातावरणको हकलाई मौलिक हकको रुपमा उल्लेख गर्दै स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको व्यवस्था गरेको पाइन्छ । वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा वायु प्रदूषणबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नको लागि आवश्यक मापदण्ड निर्धारण गर्न सक्ने उल्लेख छ । गुणस्तरीय वायुसहित नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको हकको सुनिश्चितताका लागि तीनै तहको सरकारको प्रयास हुनु आवश्यक छ । अन्तर्राष्ट्रिय महासन्धि १९९६ को धारा ११ को उपधारा २ (क), धारा १२ को उपधारा २ (ख) र (ग) मा भएको व्यवस्थाबमोजिम वातावरणीय अधिकार तथा बालअधिकारसम्बन्धी महासन्धि १९८९ ले वातावरणीय प्रदूषणबाट हुने खतरा र बालबालिकालगायत सबैलाई सुरक्षित राख्नु आवश्यक छ ।

नेपालतिर प्रदूषण बढ्नुमा भारत र चीनको पनि प्रभाव पर्दछ । कचौरा आकारको उपत्यकामा स्थानीय प्रदूषणसमेत मिसिएपछि वायु थप प्रदूषण बन्छ । वायु वेगले बगेको भए प्रदूषण घट्थ्यो । तर हावा पनि चलेन, प्रदूषण मात्रै भित्रिरह्यो । सो कारणले वायुमण्डलको तल्लो तहसम्मै प्रदूषण अत्यधिक फैलन्छ । विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार एक्यूआई ३५ भन्दा कम हुनुपर्छ । ५१ देखि १ सयसम्मको एक्यूआईलाई सामान्य मानिन्छ । एक्यूआई २ सय १ भन्दा माथि पुगे धेरै अस्वस्थकर हुन्छ । ३ सय १ भन्दा माथि पुगे घातक हुन्छ ।

प्रदूषणको कारण मानव स्वास्थ्यमा गम्भीर असर पर्दछ । सो असरको प्रभावले छाती, घाँटी, फोक्सो र नाकसम्बन्धी विभिन्न संक्रमणको जोखिम बढ्ने हुन्छ । प्रदूषणको कारणबाट ज्येष्ठ नागरिक, बालबच्चा, दीर्घरोगी र मुटुका रोगीजस्ता मानिस बढी प्रभावित हुन्छन् । स्वस्थ व्यक्तिमा पनि सो कारण हाच्छयूँ आउने, खोकी लाग्ने, नाकबाट सिँगान बग्ने, घाँटी दुख्ने, टाउको दुख्ने, आँखा पोल्ने, छातीमा संक्रमण हुने गर्दछ । भौगोलिक बनावटको कारण काठमाडौंको वायु प्रदूषण त्यसै पनि उच्च छ । बाक्लो बस्ती, अव्यवस्थित सवारीसाधन, फोहोरमैला, उद्योगधन्दा र विकास निर्माणका कामले प्रदूषण बढाउने गरेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार वायु प्रदूषण संसारकै सबैभन्दा ठूलो वातावरणीय स्वास्थ्य जोखिम हो । वायु प्रदूषणका कारण नेपालमा हुने मृत्युदरमध्ये ३७ प्रतिशत मस्तिष्कघातबाट हुने मृत्यु, ३४ प्रतिशत मुटुरोगबाट हुने मृत्यु, ३४ प्रतिशत फोक्सोको क्यान्सरबाट हुने मृत्यु र २२ प्रतिशत नवजात शिशु तथा बालबालिकाको मृत्यु हुने गर्दछ । वायु प्रदूषणका कारण खासगरी फोक्सोको क्यान्सर, मुटुको रोग, फोक्सोको रोग, दम, निमोनिया, मस्तिष्कघात, कम तौल वा समय नपुग्दै बच्चा जन्मिने समस्या हुन्छ ।

यसको रोकथामको लागि वातावरणमैत्री सवारीसाधन प्रयोग गर्ने, जथाभावी फोहोर नजलाउने, वायु प्रदूषण हुन नदिने, सम्भव भएसम्म घरमै बस्ने, श्वास फेर्न असजिलो, खोकी, छातीमा समस्या, आँखा पोल्नेलगायतका समस्या भए स्वास्थ्यकर्मीसँग सम्पर्क गर्ने तथा स्वास्थ्यकर्मीको सल्लाहअनुसार प्रशस्त पानी पिउने, बोटबिरुवा लगाई हावालाई सफा गर्ने, घरबाहिर निस्कँदा गुणस्तरीय मास्क लगाउने, बढी भीडभाड भएको ठाउँमा नजाने, कम प्रदूषित क्षेत्रमा व्यायाम गर्ने, उचित किसिमले फोहोर व्यवस्थापन गर्ने आदि कुरामा ध्यान पुऱ्याउनुपर्छ । तुवाँलाको स्तर व्यापक रहेसम्म आम व्यक्तिलाई समेत कठिन व्यायामबाट जोगिन सल्लाह दिने, बढ्दो प्रदूषणको अवस्थामा मर्निङ वाक, इभिनिङ वाक वा घर बाहिर गरिने व्यायामले स्वास्थ्यमा असर गर्ने हुन सक्छ । सोबाट जोगिनु जरुरी छ । वायु प्रदूषणले छालामा समेत असर पार्ने, समयभन्दा अगावै बुढ्यौली आउने, छाला चाउरी पर्ने, छालामा दाग लाग्नेलगायतका थुप्रै छालासम्बन्धी समस्या देखुने हुन्छ । साथै एलर्जी, छाला रातो हुने, बिमिरा आउने, चिलाउने, घाउ हुने, जलन र संक्रमण हुन सक्ने हुन्छ । एक्जिमाको समस्या हुनेलाई वायु प्रदूषण/तुवाँलोले झन् असर गर्न सक्छ ।

चिकित्सकका अनुसार प्रदूषण बढेको समयमा वातावरणको सम्पर्कमा आउने शरीरको भागलाई सफा पानी वा फेस वासले राम्ररी धुने र मोइस्चराइज वा नरिवलको तेल लगाउनुपर्छ । त्यस्तै समय-समयमा छालालाई मधुरो स्क्रब गर्नाले बाहिरी सतहमा भएको मृत छाला, जम्मा भएको प्रदूषक पदार्थ, रसायनको तह आदि घटाउन सकिन्छ । स्वास्थ्यकर्मीका अनुसार तुवाँलोले आँखा रातो हुने, आँसु आउने, चिलाउने, चिप्रा आउने हुन सक्छ । एलर्जी भएर आँखा जोडले चिलाएमा आँखाको सतहमा चोटपटक भई संक्रमणको खतरा हुन सक्छ । यस्तो प्रदूषणबाट आँखालाई जोगाउन बेलाबेलामा सफा पानीले धुनुपर्दछ । प्रदूषण नियन्त्रण र व्यवस्थापनको लागि सम्बन्धित निकायसँग समन्वयको आवश्यक छ । स्थानीय सरकार, प्रदेश सरकार एवं संघीय सरकारले समन्वय गर्दै प्रदूषणजस्तो विपद्लाई अविलम्ब न्यूनीकरण गरी मानव स्वास्थ्यको रक्षा गर्नु आजको आवश्कता हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# मध्यपश्चिम विश्वविद्यालयलाई नसुधारिएको कि सुधार्न नखोजिएको ?

✍ नरेन्द्र देवकोटा

स्थापनाकालको १५औं वर्ष पुगिसक्दा पनि मध्यपश्चिम विश्वविद्यालयले सोचे अनुसार गति लिन सकेको छैन । सँगै स्थापना भएका अन्य विश्वविद्यालयले आफ्नो लयमा कार्य प्रवाह गरिरहँदा यस विश्वविद्यालयमा भने बेला-बखतमा विभिन्न किसिमका समस्या आउने गरेका छन् । शैक्षिक सुधार, प्रशासनिक दक्षता, सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता, उत्तरदायित्व र जिम्मेवारिता आदिका हिसाबले हेर्दा दिन प्रतिदिन यस विश्वविद्यालयको साख खस्किँदो देखिन्छ । वास्तवमा विश्वविद्यालयमा यस किसिमको समस्या किन देखियो, यसलाई समयमै गम्भीरतापूर्वक लिई किन सुधार्न सकिएन, कि त सुधार गर्न नखोजिएको भन्ने सवालमा यसका धेरै र जटिल आयाम भए पनि केहीलाई यहाँ चर्चा गर्न खोजिएको छ ।

**१) दलीय भागबन्डाको राजनीति**

विश्वविद्यालयको नेतृत्वका लागि विगतमा दलीय भागबन्डाका आधारमा गोप्य सहमति गरिन्थ्यो । क्याम्पस प्रमुख, डिन, कार्यक्रम निर्देशक लगायत पदहरू रिक्त हुने अवस्था आएमा पहिला राजनीतिक पहुँचका आधारमा सहमति गरिन्छ, त्यसपछि मात्र कार्यान्वयनतर्फ जोड दिने गरेको विगत छ । गत साता मात्र विश्वविद्यालयमा गलत नजिर बसाल्दै भित्री रूपमा भागबन्डाका आधारमा विभिन्न संकायका डिन, कार्यक्रम निर्देशक तथा परीक्षा प्रमुखको नियुक्तिका लागि खुला विज्ञापन गर्नुपर्ने मान्यता र नियममा भएका योग्यता तथा अनुभवका आधारलाई 'धोती लगाउँदै' जारी गरिएको सूचना अन्ततः रद्द नै गर्नुपऱ्यो ।

स्थानीय पहुँच र सरोकारवाला पक्ष, राजनीतिक संगठनमा आस्था राख्ने व्यक्तिहरू, शिक्षक/कर्मचारी/विद्यार्थी संघ-संगठन तथा अन्य स्थानीय सरोकारवालाहरूको दबाव र प्रभावका आधारमा भागबन्डा लगाइने प्रचलनले विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक पक्षलाई नराम्ररी प्रभावित बनाएको छ । सरकार परिवर्तनसँगै मन्त्रीको सहजता अनुसार कर्मचारीमा गरिने हेरफेर जस्तै नियति विश्वविद्यालयले भोग्दै आइरहेको छ । स-सानो विषयमा पनि आ-आफ्नो गुट-उपगुटको स्वार्थ लुकेको तथ्य सबैले देखेकै हो र यही हिसाबले विश्वविद्यालय सञ्चालित हुने हो भने विश्वविद्यालय सुधार गर्नु 'ब्राह्मणले सानैदेखि पालेर हुर्काएको सुगा सुधार्न नसक्नु' जस्तै हबिगत हुने निश्चितप्रायः छ ।

**२) कमजोर तहगत संरचना**

मध्यपश्चिम विश्वविद्यालय शिक्षक कर्मचारी नियमावली २०६९ को दफा ४ (१) को खण्ड (ख) बमोजिम प्रमुख अधिकृत, सहप्रमुख अधिकृत, वरिष्ठ अधिकृत र अधिकृत गरी वर्गीकरण गरिएको भए पनि विद्यमान अवस्थामा यस विश्वविद्यालय तथा यस अन्तर्गतका आङ्गिक क्याम्पसमा कुनै पनि अधिकृत स्तरभन्दा माथिका कर्मचारी कार्यरत छैनन् । हाल रिक्त रहेको वरिष्ठ अधिकृतमा आन्तरिक बढुवा तथा खुला प्रतिस्पर्धा कतैबाट पनि नियुक्त गरिएका छैनन्, जसले गर्दा एकातिर सेवा आयोग निष्क्रिय बनेको छ भने अर्कोतर्फ कर्मचारीहरूको कार्यकुशलतामा कमी हुँदै गइरहेको छ । एउटै पदमा सेवा प्रवेश गरेका शिक्षक कर्मचारीहरू सोही पदबाट सेवा अवकाश हुने आशंका सबैमा फैलिएको छ । विश्वविद्यालय शिक्षक तथा कर्मचारी नियमावलीमा प्रशासन, लेखा, पुस्तकालय, स्टोर लयागत क्षेत्रमा अधिकृत स्तरका कर्मचारीको मात्र व्यवस्था गरिएको भए पनि सहायक अधिकृतको कुनै व्यवस्था नहुनुले विश्वविद्यालयको तहगत संरचना अधुरो रहेको स्पष्ट मान्न सकिन्छ । खोजी गर्ने हो भने यस्ता तहगत समस्या विश्वविद्यालयका अन्य निकायमा समेत भेट्न सकिन्छ ।

**३) परम्परागत शिक्षा र प्रशासनिक कार्य प्रणाली**

विश्वविद्यालयले अघिल्लो साल आफ्नो सम्पूर्ण शैक्षिक तथा प्रशासनिक गतिविधिहरू डिजिटल प्रविधिमा लगिएको भनी गरिएको घोषणा केवल 'बालुवामा पानी' साबित भएको छ । लाखौं रुपैयाँ खर्च गरेर बनाइएको सफ्टवेयर के कस्तो छ, चालु अवस्थामा छ/छैन, त्यसका बारेमा स्वयं विश्वविद्यालय नै बेखबर छ । दुनियाँ ई-गभर्नेन्सलाई पछि पार्दै एम-गभर्नेन्समार्फत मानवीय प्रयासलाई न्यूनीकरण गरी गुणस्तरीय सरकारी तथा सामाजिक सेवा प्रवाह गरिरहेको अवस्थामा हाम्रोमा भने परम्परागत र 'भानुभक्त' शैलीको अभ्यास अनि सोही मापदण्डका आधारमा शैक्षिक र प्रशासनिक गतिविधिहरू सञ्चालन गरिनु र नयाँ प्रविधिलाई आत्मसात गरेर लैजान नसक्नुलाई दुर्भाग्य नै मान्नुपर्छ । त्यस्तै प्रविधिको नवीनतम र उच्चतम प्रयोगसँगै आफूलाई त्यसमा अभ्यस्त हुन स्वयं कतिपय प्राध्यापक र कर्मचारीहरू नै तयार नभएको केही सरोकारवालाको गुनासो रहेको छ ।

**४) विगतका गलत अभ्यास**

विगतका दिनमा यस विश्वविद्यालयमा केही गलत अभ्यास भएका छन्, जसले गर्दा सिंगो संगठनको कार्यकुशलतामा असर परेको छ । विश्वविद्यालयको शिक्षक कर्मचारी नियमावलीमा बढुवाको कुरा उल्लेख गरेको भए पनि आन्तरिक बढुवा तथा फाइल बढुवाजस्ता कुरा कहिले र कुन अवस्थामा हुने, त्यसको कार्यविधि के हुने, मूल्यांकन प्रक्रिया के हो, सोका बारेमा केही खुलाइएको छैन । अर्को गलत परिपाटी भनेको विश्वविद्यालयको स्टोर र प्रशासनको जिम्मा एउटै कर्मचारीलाई दिनु हो । यस्तो विगतको गलत परिपाटीलाई अबका दिनमा तत्कालै सच्याउनुपर्नेछ । राजनीतिक दबाब र प्रभावका आधारमा व्यक्ति हेरेर काम गर्ने अर्को पुरानो रोग विश्वविद्यालयको रहेको छ । शक्ति र प्रभावका आधारमा गर्न नमिल्ने कामहरू पनि गरेर पठाउने तर एक इमानदार कर्मचारीले करार सेवामा र हँदाको बखत काम गरेको पारिश्रमिक दिन जिम्मेवार निकायले महिनौंसम्म बेवास्ता गर्दै आइरहेको छ । विश्वविद्यालयको सम्पूर्ण छनोट प्रक्रिया पूरा गरी नियुक्ति पाई काम गरेको लामो समय बितिसक्दा पनि अनेकौं बहाना बनाउँदै पाउनुपर्ने सेवा-सुविधा हालसम्म उपलब्ध नगराइनुले विश्वविद्यालयका जिम्मेवार पदाधिकारीको गैर जिम्मेवारीपन छर्लङ्ग देखिन्छ । विश्वविद्यालयका यी र यस्ता गम्भीर प्रकृतिका मुद्दाहरूमा शिक्षक, कर्मचारी संघ-संगठन, विद्यार्थी संघ-संगठन तथा जिम्मेवार निकायहरू कसैको पनि ध्यान पुगेको छैन । पार्टीगत गुट र उच्च पहुँच र स्थानीय कर्मचारी हुन्थ्यो भने सजिलैसँग उसको समस्या समाधान हुन्थ्यो तर बाहिरको इमानदार कर्मचारी भएकाले उसको सुनुवाइ कतैबाट आजसम्म भएको छैन । यसै विषयमा जिज्ञासा राख्दा पूर्वप्राध्यापक आक्रोश व्यक्त गर्दै भन्छन्, 'अन्यायमा परेको एउटा कर्मचारीलाई न्याय दिन नसक्ने विश्वविद्यालयले ठूलठूला योजना र शैक्षिक विकास गर्ने सपना देखाउँछ भने त्यसलाई आम सर्वसाधारणले कसरी विश्वास गर्ने ?'

**५) भूमिकाविहीन सेवा आयोग**

विश्वविद्यालयको छुट्टै सेवा आयोग त छ तर यसले आफ्नो कार्य प्रभावकारी ढंगबाट गर्न सकेको छैन । उपेन्द्रकुमार कोइराला उपकुलपति रहँदा खोलिएको पदपूर्तिसम्बन्धी विज्ञापनमार्फत केही शिक्षक तथा कर्मचारी विगत तीन वर्षअघि नियुक्त गरिएका थिए, त्यसबाहेक बितेका चार वर्षमा सेवा आयोगको भूमिका निष्क्रिय र मृत्युतुल्य रहन पुग्यो ।

सेवा आयोगमार्फत आवश्यक प्रक्रिया पूरा गराई गरिनुपर्ने पदपूर्ति प्रक्रियालाई सोझै विगतका पदाधिकारीले आफ्नो अनुकूल आन्तरिक स्रोत पहिचानविना 'भेन्टिलेसन प्रवृत्ति'मार्फत मनलाग्दी रूपमा शिक्षक-कर्मचारी भर्ना गरी विश्वविद्यालयलाई 'कर्मचारी भर्तीकेन्द्र' बनाइर हिएको छ । यसले बेहोर्ने आर्थिक व्ययभार र त्यसबाट पर्ने असरको लेखाजोखा कसैले गर्न सकेका छैनन् । अर्कोतर्फ स्थापनाकालदेखि नै करार सेवामा कार्यरत कतिपय कर्मचारीलाई हालसम्म आवश्यक प्रक्रिया पूरा गरी स्थायी नगरिनुले पदाधिकारीको गैरजिम्मेवारीपूर्ण कार्यको झल्को दिन्छ । यसरी सेवा आयोगलाई भूमिकाविहीन बनाई विगतमा गरिएका अपारदर्शी नियुक्तिले विश्वविद्यालयमा एउटा गलत नजिर स्थापना गर्दै 'धमिलो पानीमा माछा मार्ने' अभ्यासको विकास भएको छ । यस्ता कार्यको अन्त्य कहिले हुन्छ, यसै भन्न सकिने अवस्था छैन ।

**६) अव्यवस्थित परीक्षा व्यवस्थापन कार्यालय**

विगतमा परीक्षा व्यवस्थापन कार्यालयले आफ्नो जुन किसिमको छवि बनाएको थियो, त्यस्तो अवस्था अहिले छैन । फितलो कार्यालय व्यवस्थापनले विश्वविद्यालयको समग्र परीक्षा प्रणालीलाई प्रभावित बनाएको छ । परीक्षा व्यवस्थापन कार्यालयले छुट्टै आफ्नो शैक्षिक क्यालेन्डर अनुसार परीक्षा लिने प्रणाली विकास गर्न नसक्दा पटक-पटक परीक्षा तालिका फेरिने गरेको छ । विद्यार्थीको आक्रोश जहिले पनि परीक्षा व्यवस्थापन कार्यालय र यहाँ कार्यरत कर्मचारीमाथि पर्ने गरेका छन् । जोर-बिजोर प्रणाली अनुसार सेमेस्टरका परीक्षाहरू वर्षको दुईपटक एउटा निश्चित समयमा सञ्चालन गर्नुपर्ने भए पनि प्रायः वर्षभरिजसो परीक्षा सञ्चालन हुने गरेको छ, जसले गर्दा विद्यार्थी प्रत्यक्ष मारमा परेका छन् नै, कर्मचारीहरू पनि अतिरिक्त कामको बोझ र कार्यगत तनाव बोक्न बाध्य छन् । कुशल र उच्च नेतृत्व क्षमताका पदाधिकारीको अभावमा यस कार्यालयबाट प्रवाहित हुने सेवामा समेत असर परेको छ । परीक्षा कार्यालयले र जिस्ट्रेसन फर्म, परीक्षा फर्म, परीक्षा तालिका (रुटिन) र परीक्षा केन्द्रका सूचना कुन वेला प्रकाशित गर्छ, त्यसको जानकारी परीक्षाको सम्बन्धित शाखाका कर्मचारीले समेत वेबसाइटबाट हेरेर थाहा पाउनुपर्ने अवस्था सिर्जना भई 'बत्तीमुनिको अँध्यारो' स्थितिमा कर्मचारीहरू कार्य गर्न बाध्य छन् ।

साथै परीक्षा व्यवस्थापन कार्यालयमा प्रयोग गरिएको सफ्टवेयर अपडेटेड र क्षमता विस्तार हुन नसक्दा यदाकदा नतिजामा त्रुटि देखाउने र विषय फरक पर्नेजस्ता प्राविधिक समस्या आउने गरेको छ । त्यसको दोष सबैले कर्मचारीलाई लगाउने गरेको तितो यथार्थ पनि हाम्रो सामु छ । कार्यस्थलमा ताला लाग्ने, अभद्र व्यवहारको सामना गर्नुपर्ने, विद्यार्थीको गालीगलौज र धम्कीपूर्ण भाषा सुन्नु कुनै नौलो कुरा होइन । यसरी 'गोरु जोतिए'झैं जिम्मेवारीपूर्वक काम गर्दा पनि न कामको मूल्यांकन गरिन्छ, न त हौसला नै दिइन्छ । तीन घण्टा ओभरटाइमको सुविधाबाहेक अतिरिक्त पारिश्रमिक, कर्मचारी दुर्घटना बिमा, कार्यस्थल जोखिम न्यूनीकरण भत्ता तथा अन्य आवश्यक मानवीय सुरक्षाविना काम गर्नुपरेको छ ।

कर्मचारीमा पर्ने मनोवैज्ञानिक असर, उनीहरूको मानव अधिकार, कार्य सुनिश्चितता जस्ता कुरामा कसले ध्यान दिने ? यस्ता मानसिक तनावका बिचमा काम गर्दा पनि जिम्मेवार पदाधिकारीहरूको नजरमा कर्मचारीहरू 'आँखाको कसिंगर' बन्न पुगेका छन् । प्रायःजसो परीक्षामा कार्यरत कर्मचारीहरूको अतिरिक्त सेवा सुविधाको कुरा उठ्ने गरेको भए पनि अन्ततः 'एकादेशको कथा' र 'आकाशको फल आँखातरी मर' भन्ने उखानजस्तै भएको छ ।

**७) समन्वय र सहयोगको अभाव**

अध्ययन-अध्यापन र विद्यार्थीका कतिपय साझा मुद्दामा विश्वविद्यालयभित्रका अन्तर सम्बन्धित निकायहरूको निकायगत समन्वय र सहयोग हुन नसक्दा दिन प्रतिदिन अन्योलताको स्थिति सिर्जना भएको छ । राजनीतिक तथा दलगत शिक्षक कर्मचारीका भ्रातृ संघ-संगठन, विद्यार्थी संघ-संगठन, फरक विचार राख्ने पदाधिकारीहरूका सीमित स्वार्थ र असहयोगीपनका कारण छिटो-छरितो सम्पन्न हुनुपर्ने कार्य प्रभावित बन्दै गइरहेको छ । कार्यस्थलमा देखिएका गम्भीर समस्यालाई एकै ठाउँमा बसेर समाधान गर्नुको साटो त्यस्ता विषयहरूलाई 'राजनीतीकरण' गरिन्छ ।

**८) सरुवा र अध्ययन बिदा**

मध्यपश्चिम विश्वविद्यालय शिक्षक तथा कर्मचारी नियमावली २०६९ को दफा १७ को उपदफा १ मा भएको व्यवस्था बमोजिम 'शिक्षक वा कर्मचारीलाई आवश्यकता बमोजिम विश्वविद्यालयको एक निकायबाट अर्को निकायमा वा समान तहको अर्को पदमा सरुवा गर्न सकिनेछ' भन्ने उल्लेख गरिएको छ । सोही दफाको उपदफा २ बमोजिम 'सरुवा गर्दा सम्भव भएसम्म सरुवा हुने व्यक्तिसँग परामर्श गर्न सकिनेछ' भन्ने कुरा लेखिए पनि नियमावली अनुसार नभई व्यक्तिगत प्रतिशोध, राजनीतिक र वैचारिक आस्थाका आधारमा सरुवा गर्ने प्रचलन रहेको छ ।

*(साभार: रातोपाटी)*

# बेरुजु चाङमाथि अर्थ मन्त्रालय, बक्यौता राजस्वको भारी




काठमाडौं/आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा धेरै बेरुजु अर्थ र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा देखिएको छ । महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदन अनुसार संघीय निकायको कुल ४७ अर्ब ७४ करोड रुपैयाँ बेरुजुमध्ये अर्थ मन्त्रालय एक्लैको ३३ अर्ब ७१ करोड १७ लाख रुपैयाँ बेरुजु देखिएको छ । यो कुल बेरुजुको ७०.६१ प्रतिशत हो ।

त्यसो त लेखा परीक्षणको रकम समेत यसै मन्त्रालयमा धेरै थियो । अर्थको असुल गर्नुपर्ने १२ अर्ब ९१ करोड, नियमित गर्नुपर्ने २० अर्ब ७९ करोड र पेश्की बाँकी १० लाख रुपैयाँ बेरुजु देखिएको छ । दोस्रो स्थानमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय छ । जसको ६ अर्ब ४३ करोड रुपैयाँ बेरुजु देखिन्छ । जुन संघीय निकायतर्फको कुल बेरुजुको १३.४८ प्रतिशत हिस्सा हो ।

यसबाहेक रक्षा मन्त्रालयको १ अर्ब ६७ करोड, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणको १ अर्ब ५० करोड, परराष्ट्रको १ अर्ब ५ करोड, ऊर्जा, जलस्रोत तथा सिँचाइको ६५ करोड ८० लाख रुपैयाँ बेरुजु देखिएको छ ।

अर्थ मन्त्रालय मातहत निकायमा ३५ अर्ब १० करोड ५३ लाख ५८ हजार बेरुजु देखिएको थियो । यसको प्रारम्भिक प्रतिवेदन बुझाएपछि १ अर्ब ३९ करोड ३६ लाख ९५ हजार रुपैयाँ फछ्र्योट गरिएपछि ३३ अर्ब ७१ करोड १६ लाख रुपैयाँ बेरुजु देखिएको छ ।

महालेखाले बढी बेरुजु देखिएका निकायका उत्तरदायी अधिकृतहरूको नामसमेत सार्वजनिक गरेको छ । जस अनुसार अर्थ मन्त्रालयमा अघिल्लो वर्ष कार्यकाल बिताएका तीन सचिव अर्जुन पोखरेल, कृष्णहरि पुष्कर र मधुकुमार मरासिनीको नाम उत्तरदायी अधिकृतमा राखिएको छ ।

मुलुकको वित्तीय तथा मौद्रिक क्षेत्रसँग सम्बन्धित क्रियाकलाप व्यवस्थापन, सार्वजनिक खर्च व्यवस्थापन, राजस्व संकलन, समष्टिगत आर्थिक स्थायित्व र विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमयमा समेत काम गर्ने भएकाले अर्थको दायरा फराकिलो छ । जसले गर्दा यस मन्त्रालयको लेखा परीक्षण रकम र बेरुजु दुवै बढी देखिएको महालेखाले जनाएको छ ।

महालेखाका अनुसार २०८०/८१ मा अर्थको कुल २४ खर्ब ६७ अर्ब ९३ करोड ६ लाख रुपैयाँ बराबर लेखा परीक्षण गरिएको हो । जसमा विभिन्न मन्त्रालयबाट स्थानीय र प्रदेश तहमा जाने अनुदान तथा अन्तरसरकारी वित्त हस्तान्तरणको रकम समेत कुल ४ खर्ब १२ अर्ब ९१ लाख रुपैयाँ बराबर हिसाब समेत समावेश रहेको महालेखाले जनाएको छ ।

मन्त्रालय मातहत ६ संगठित संस्था र एक अन्य संस्थाको गरी कुल ३० खर्ब २२ अर्ब ९१ करोड रुपैयाँ बराबर लेखा परीक्षण समेत यस वर्ष गरिएको थियो ।

### राजस्व बक्यौताको भारी

अर्थ मन्त्रालयमा सबैभन्दा बढी बेरुजु देखिनुमा ठूलो हिस्सा राजस्व बक्यौताको भारी हो । आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन अनुसार प्रशासकीय पुनरावेदन तथा न्यायिक निकायमा पुनरावेदनमा १ हजार ४ सय ७४ करदाताको १ खर्ब २३ अर्ब ८० करोड बराबर बक्यौता रहेको छ ।

कानुनी प्रक्रियामा नगएका ३ लाख १५ हजार ८ सय २१ कर दाताबाट सरकारले १ खर्ब ३० अर्ब २४ करोड रुपैयाँ राजस्व उठाउन बाँकी छ । गत आवमा जिम्मेवारी सरेको २ खर्ब ४२ अर्ब ९१ करोडमध्ये ९ अर्ब १२ करोड ३६ लाखमात्र असुली भएको देखिएको छ ।

महालेखाले यसरी बक्यौता रहेको राजस्व चल-अचल सम्पत्ति रोक्का गरी लिलामी प्रक्रियामा जाने, बैंक तथा वित्तीय संस्थामा रहेको करदाताको खाताको रकम दाबी गर्ने र व्यवसायीको राहदानी रोक्का जस्ता उपायबाट असुलउपर गर्नसमेत भनेको छ । महालेखाले प्रशासकीय पुनरावेदनको काम कानुन अनुसार ६० दिनभित्र टुंग्याउन समेत भनेको छ ।

### मदिरा उद्योगलाई कर छूट

प्रतिवेदनमा आन्तरिक राजस्व विभाग मार्फत मदिरा उद्योगलाई २३ करोड ८ लाख ९८ हजार कर छुट दिएको पाइएको छ । महालेखाले यसरी भएको कर छुटमा प्रश्न उठाउँदै छानबिन गर्न भनेको छ । साथै, ठूला करदाता कार्यालय अन्तर्गत मदिराजन्य १३ करदाताले विज्ञापन तथा प्रचार-प्रसारमा २ अर्ब ३२ करोड ३८ लाख खर्च दाबी गरेको र यस्ता उद्योगले विज्ञापनमा खर्च गर्न नपाउने व्यवस्था रहेको भन्दै महालेखाले प्रश्न गरेको छ ।

मर्जर तथा एक्विजिसनमा लाग्ने लाभांश करतर्फको १ अर्ब १२ करोड १९ लाख रुपैयाँ समेत दाखिला नभएको भन्दै महालेखाले छानबिन गरी कर निर्धारण गर्न भनेको छ । कतिपय करदाताले आय विवरण, जग्गा बिक्रीको आय विवरणमा समेत महालेखाले प्रश्न गरेको छ ।

### ठेक्कामा कर

ठूला करदाता कार्यालय मातहत नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल विद्युत् प्राधिकरण र सम्बद्ध निकायले विभिन्न आय वर्षमा ६१ अर्ब ६३ करोड ५३ लाख भुक्तानी गरेकोमा २ अर्ब ३४ करोड ७९ लाख अग्रिम कर दाखिला हुनुपर्ने थियो । तर, त्यसो नभएको भन्दै महालेखाले त्यसमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्न भनेको छ ।

### वायुसेवाको कर

सरकारले निर्धारण गरेको कर वायुसेवा कम्पनीले नतिरेको महालेखाले उल्लेख गरेको छ । यस्तो कर २ अर्ब ३१ करोड ५५ लाख र त्यसमा लाग्ने शुल्क र ब्याज असुल गर्नसमेत महालेखाले भनेको छ । एक दर्जन विदेशी वायुसेवा कम्पनीले यस्तो कर नतिरेको पाइएको छ ।

यसबाहेक ब्याज पूँजीकरण, निर्माण व्यवसायीको खर्च कट्टी, पूँजीगत लाभकरमा रहेका विभिन्न बक्यौतामा समेत छानबिन र अनुसन्धान गरी असुल उपर गर्न महालेखाले भनेको छ । महालेखाले भन्सार प्रक्रियाका विभिन्न पक्षमा समेत प्रश्न उठाउँदै प्रतिवेदनमा समेटेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'के घर के डेरा २'लाई सुखद् शो, कस्तो होला ओपनिङ ?



काठमाडौं/कलाकारको बलियो 'लाइनअप' रहेको फिल्म 'के घर के डेरा: घर नं २' यही शुक्रबारबाट प्रदर्शनमा आउने तयारीमा छ । यसमा खगेन्द्र लामिछाने, निश्चल बस्नेत, आर्यन सिग्देल, केकी अधिकारी जस्ता स्थापित कलाकार छन् भने 'पशुपति प्रसाद'का निर्देशक दीपेन्द्र के. खनालको निर्देशन तथा उपन्यासकार बुद्धि सागरको लेखन छ । ती तीन कारणले फिल्मप्रति दर्शकमा उच्च अपेक्षा छ ।

घरेलु बक्स अफिसमा सुखद् व्यापार गर्न सक्ने प्रक्षेपण गरिएको फिल्मको मल्टीप्लेक्सहरुमा अग्रिम टिकट बुकिङ खुला भएको छ । फिल्मले राम्रो संख्यामा शो पाएको छ । देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले पहिलो दिनका लागि फिल्मलाई काठमाडौं उपत्यकामा २५ शो र उपत्यका बाहिर २२ शो गरी ४७ शो बाँडेको छ । बुकिङ राम्रो भएको खण्डमा शोमा थप वृद्धि हुन सक्नेछ ।

त्यस्तै, दोस्रो ठूलो मल्टीप्लेक्स चेन आइएनआइले चार आउटलेटमा फिल्मलाई १५ शो, वान सिनेमाजले दुई आउटलेटमा ९ शो, बिग मुभिजले ५ शो, एफक्युबले ४ शो, कीर्तिपुर सिनेप्लेक्सले २ शो, बिएसआर मुभिजले ४ शो उपलब्ध गराएका छन् । काठमाडौं र मोफसलका अझै थुप्रै हलमा बुकिङ खुल्न बाँकी रहेकाले बिहीबार सम्म फिल्मले देशभर करिब २ सय शो पाउन सक्ने देखिन्छ ।

फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा यतिबेला निर्माण टिमले फरक शैलीमा प्रचारप्रसार गरिरहेको छ । निश्चलदेखि केकीसम्मले काठमाडौंका विभिन्न सार्वजनिक स्थलमा दर्शकसँग भलाकुसारी गर्दै फिल्म हेर्न निम्तो दिएका छन् । यो शैलीमा नेपाली फिल्मको प्रचार पहिलो पटक भएको हो । यसले फिल्मप्रति दर्शकमा कौतुहलता सिर्जना गर्न ठूलो भूमिका खेल्ने विश्वास निर्माण टिमको छ ।

काठमाडौंमा घर हुने र डेरामा बस्ने पात्रहरुको संघर्षको कथामा आधारित भएर बनेको फिल्ममा उपासना सिंह ठकुरी, प्रकाश घिमिरे, श्रृजना नापित, संजोग रसाइली, रुविना घिमिरे, सुरज विष्ट लगायतको पनि अभिनय रहेको छ । कृष्णबहादुर थापाको डीओपी रहेको फिल्मको कार्यकारी निर्मातामा युवराज कार्की छन् भने निर्माताहरु नकिम उद्दिन, शरद श्रेष्ठ र किरण महर्जन हुन् ।

# 'महाभोज'का निर्देशक र कलाकारले किन लेखे 'सत्य कहिल्यै लुक्दैन' ?




काठमाडौं/मंगलबार साँझ फिल्म 'महाभोज'का निर्देशक र कलाकारहरुको एउटा पोस्टले सनसनी नै मच्चायो । कलाकारहरु आर्यन सिग्देल, दयाहाङ राई, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ र निर्देशक दिनेश राउतले 'सत्य कहिल्यै लुक्दैन' भन्ने वाक्य फेसबुक र इन्स्टाग्राममा पोस्ट गरेका थिए । यसपछि धेरैले टिमभित्र ठूलै तनाव उत्पन्न भएको हुनसक्ने अनुमान लगाए ।

तर, उनीहरुको पोस्ट फिल्मका कुनै सदस्यप्रति लक्षित नभइ प्रचार रणनीतिको एउटा हिस्सा हो । 'सत्य कहिल्यै लुक्दैन' भन्ने वाक्य भित्तामा लेखिएको दृश्य टिजरमै समावेश छ । त्यसैलाई निर्देशकदेखि कलाकारसम्मले फेसबुक र इन्स्टाग्राममा लेख्दै दर्शकमा कौतुहलता सिर्जना गरेका हुन् । उक्त वाक्यांशकै वरिपरि फिल्मको कथा घुमेकाले पनि निर्माण पक्षले त्यो रणनीति अपनाएको हो ।

'महाभोज' सहकारी ठगी प्रकरणको कथामा आधारित भएर बनेको फिल्म हो । यो विषय अहिले देशका लागि नै टाउको दुखाइ बनेको छ । केही सहकारी ठगी प्रकरण दबाउन राजनीतिक तहबाट समेत प्रयास भइरहेको परिदृश्यमा 'महाभोज'ले 'सत्य कहिल्यै लुक्दैन' भन्ने वाक्यलाई नारा बनाउँदै सत्यलाई उजागर गर्न खोजेको देखिन्छ । अब त्यो सत्य के हो, फिल्म हेरेपछि नै थाहा हुनेछ ।

आगामी जेठ १५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा वसुन्धरा भुसाल, मोहन निरौला, बुद्धि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ, विनोद न्यौपाने, वीरेन्द्र सिंह कुशवाह लगायतको पनि अभिनय छ । क्लक वर्क क्रियशन र पिक्चर फ्रेमको संयुक्त ब्यानरमा निर्माण भएको फिल्मका निर्माता हिमाल कडरिया हुन् । यसमा विकास सुवेदीको लेखन तथा राजेश श्रेष्ठको डीओपी छ ।

# दबाब झेल्दै गण्डकी सरकारले ल्यायो 'राइड सेयरिङ' नियमावली, यस्तो छ नियम र कारबाहीको प्रावधान



पोखरा/यातायात व्यवसायीको दबाब र प्रभाव पार गर्दै अन्तत गण्डकी प्रदेश सरकारले राइड सेयरिङ नियमन र व्यवस्थापन सम्बन्धी छुट्टै नियमावली जारी गरेको छ । यसअघि राइड सेयरिङ सम्बन्धी कार्यविधि जारी गर्ने तयारी हुँदा यातायात व्यवसायीले पोखरामा हड्ताल नै गरेर सरकारलाई रोक्न दबाब दिएका थिए । तर, गण्डकी प्रदेश सरकारले कार्यविधि नभई राइड सेयरिङ सम्बन्धी अलग्गै नियमावली नै जारी गरेको छ ।

यो नियमावलीलगत्तै अब गण्डकी प्रदेशमा अनुमती नलिई राइड सेयरिङ सेवा प्रदान गर्न पाइने छैन । अहिले भने इनड्राइभ, पठाओजस्ता सेवा प्रदायक कम्पनीले विनाअनुमति यस्तो सेवा प्रदान गर्दा यातायात व्यवसायीबीच विवाद निम्त्याएको थियो ।

लामो समयदेखि संघीय र बागमती सरकारले पनि रायड सेयरिङलाई मान्यता दिने तयारी गरे पनि सकेका थिएनन् तर गण्डकीले भने त्यो हिम्मत गरेर नियमन तथा व्यवस्थापनका लागि नियमावली ल्याएको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जानकारी दिए ।

'यातायात सेवालाई प्रतिस्पर्धात्मक र व्यवस्थित गराउनका लागि यो नियमावली ल्याइएको हो । सेवालाई व्यवस्थित गर्दा सरकारको राजश्व पनि बढ्ने भयो भने यातायात सेवालाई अझै व्यवस्थित र मर्यादित गराउन कतिपय सहुलियतसहितको व्यवस्था गर्दै यो पारित भएको छ,' मुख्यमन्त्री पाण्डेले भने, 'यो नियमावलीले कसैलाई घाटा वा कुनै व्यवसायीलाई हानी गर्दैन, व्यवस्थित हुन सहयोग पुऱ्याउँछ ।'

भैतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले रायड सेयरिङ सम्बन्धी नियमन तथ व्यवस्थापन गर्ने कानुन किन अड्कियो भन्ने प्रश्नको अब जवाफ मिलेको बताए । यो नियमावलीले यातायात व्यवसायीको अहित नगर्ने तर सेवाग्राही र यात्रुको हित गर्ने केसीको भनाइ छ ।

### नियमनको प्रयास

निजी सवारी साधनले यात्रु ओसारपसार गर्न नपाउने यातायात व्यवस्था ऐन २०४९ मा व्यवस्था थियो । नियमावली २०४५ ले पनि निजीले यात्रु बोक्न बन्देज गरेको भन्दै राइड सेयरिङलाई मान्यता दिन नहुने आवाज यातायात व्यवसायीले उठाउँदै आएका थिए ।

यसविरुद्ध सर्वोच्चमा रिट परेको थियो । '२०८१ असार १३ गते त्यो व्यवस्था खारेज गर्दै सबै प्रकारका सवारी साधनले कानुन बनाएर सेवा दिन पाउने व्यवस्था गरेपछि राइड सेयरिङ सेवाा नियमन तथा व्यवस्थापन गर्ने नियमावली ल्याएका हौं,' सरकारका प्रवक्ता डा. टकराज गुरुङले भने, 'सर्वोच्चको आदेशले यातायात सेवालाई थप व्यवस्थित गर्ने बाटो खुलेको हो ।'

गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १३ को प्रयोजनको लागि दफा २२१ ले दिएको अधिकार प्रयोग मन्त्रिपरिषदबाट पारित भएको नियमावलीअनुसार रायड सेयरिङ तथा सेल्फ ड्राइभलाई पनि नियमन गरिने छ ।

### यस्तो छ नियम र जरिवानाको व्यवस्था

अनलाइन प्रणालीको प्रयोग गरी राइड सेयरिङ सेवा सञ्चालन गर्न यात्रुबाहक सवारीको रुपमा यातायात कार्यालयबाट इजाजत प्राप्त दुईपाङ्ग्रे र चारपांग्रे निजी तथा सार्वजनिक सवारी साधन मार्फत यात्रु ओसारपसार गर्न अब अनिवार्य अनुमति र नवीकरण गर्नुपर्ने भएको छ । नियमावली लागु हुनुपूर्व दर्ता भई राइड सेयरिङ वा सेल्फ ड्राइभ सेवा सञ्चालन गरिरहेका वा आफ्नै एप मार्फत यातायात सेवा सञ्चालन गरिरहेका सेवा प्रदायकले समेत यो नियमावली प्रारम्भ भएको मितिले ३० दिनभित्र अनिवार्य रुपमा दर्ता भई सेवा सञ्चालन गर्नु पर्ने व्यवस्था गरिएको छ ।

इजाजत पत्र नलिई राइड सेयरिङ वा सेल्फड्राइभ सेवा सञ्चालन गरेमा त्यस्तो सेवा सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई कानूनमा व्यवस्था भएको बाहेक पहिलो पटकको लागि एक लाख रुपैयाँ जरिवाना ट्राफिक प्रहरी कार्यालयमार्फत् दाखिला गर्नुपर्ने कडा व्यवस्था नियमावलीले गरेको छ । दोस्रो पटक पनि कार्य दोहोऱ्याएमा दोब्बर जरिवाना लिइने कानुनी व्यवस्था गरिएको छ ।

राइड सेयरिङ सेवा दिने सवारी साधन अनिवार्य रुपमा अनलाइन प्रणालीमा आबद्धता भई सञ्चालन हुनु पर्ने व्यवस्था गरिएको छ । अफलाइनमा सञ्चालन गरेको पाइएमा प्रत्येक पटकका लागि दुईपांग्रे सवारी साधनको हकमा ४ हजार रुपैयाँ र चारपांग्रे सवारी साधनको हकमा १० हजार रुपैयाँ जरिवाना ट्राफिक प्रहरी कार्यालयको सिफारिसमा सम्बन्धित यातायात व्यवस्था कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरिएको छ ।

### इजाजत अनुमति, नवीकरण र सेवाको सर्त

राइड सेयरिङ सेवाको रुपमा इजाजत प्राप्त गर्न कम्तीमा २० वटा सवारी साधन आबद्ध भएको हुनुपर्ने तथा सेल्फ ड्राइभको हकमा कम्तीमा पाँच सवारी साधन आबद्ध भएको हुनुपर्ने व्यवस्था नियमावलीमा छ । दुई पांग्रे सवारी साधनमार्फत राइड सेयरिङ तथा सेल्फ डाइभ सेवाका लागि २५ हजार अनुमति शुल्क र प्रतिवर्ष १२ हजार ५०० नवीकरण शुल्क तोकिएको छ । चार पांग्रेको हकमा अनुमति शुल्क ५० हजार रुपैयाँ र नवीकरण शुल्क २५ हजार रुपैयाँ तिर्नुपर्ने छ । दुई र चार पांग्रे दुबैका लागि अनुमति शुल्क ७० हजार र ३५ हजार रुपैयाँ नवीकरण शुल्क लाग्ने नियमावलीले व्यवस्था गरेको छ ।

राइड सेयरिङ, सेल्फ ड्राइभ सेवा प्रदायक कम्पनीले सवारी साधन दर्ता गरेबापत प्रति सवारी साधन प्रतिवर्ष यातायात व्यवस्था कार्यालयमा शुल्कसमेत दाखिला गर्नुपर्ने छ । दुई पांग्रे सवारी साधनको हकमा प्रति सवारी साधन ५ हजार र चार पांग्रेका हकमा प्रति सवारी साधन वार्षिक २० हजार रुपैयाँ प्रतिवर्ष दाखिला गर्नुपर्ने छ ।

तर, सार्वजनिक सवारीको रुपमा दर्ता भएकाको हकमा पनि २५ प्रतिशत दर्ता शुल्क छुट दिइ दर्ता गरिने प्रावधान राखिएको छ । सेवा प्रादायक कम्पनीसँग २० वटा सवारी साधन हुनुपर्ने व्यवस्था राखिनुका कारण प्रतिस्पर्धात्मक बनाउनका लागि भएको सरकारका प्रवक्ता डा. टकराज गुरुङले बताए ।

रायड सेयरिङ तथा सेल्फ ड्राइभ सेवाका लागि अनिवार्य रुपमा सवारी साधन गण्डकी प्रदेशमै दर्ता भएको हुनुपर्ने व्यवस्था गरिएको छ । सेवा प्रदायकमा दर्ता भए पश्चात् कार्यालयले शुल्क लिई अभिलेख राखी सेवा प्रवाह गर्ने सवारी साधनको सवारी दर्ता प्रमाण पत्रमा एक वर्षको लागि राईड सेयरिङ वा सेल्फ ड्राइभ सेवा प्रदान गर्ने निस्सा प्रदान गरिने छ ।

कम्पनी वा संस्थाले आफ्नै निजी सवारी साधनहरु मार्फत सेवा सञ्चालन गर्न चाहेमा सेवा पञ्जीकृत गरी यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । सेवा प्रदायकले आफ्नै राइड सेयरिङ एपमार्फत सेवा सञ्चालन गर्नुपर्ने छ । कुनै यात्रीले एप प्रयोग गर्न नसक्ने अवस्था भई त्यस्तो यात्रीलाई सेवा दिनु परेमा सम्बन्धित चालकले त्यस्तो यात्रीको आवश्यक विवरण एपमा प्रविष्टि गरेर मात्र सेवा दिनु पर्ने कानुनी व्यवस्था गरिएको छ ।

### यस्तो छ सुरक्षा र भाडाको व्यवस्था

नियमावलीले राइड सेयरिङ सेवा प्रदान गर्ने चालकदेखि यात्रुसम्मको सुरक्षाको व्यवस्था गरेको छ । राइड सेयरिङ सेवा प्रदान गर्ने चालक अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा आबद्ध हुनु पर्ने व्यवस्था नियमावलीमा गरिएको छ । सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने जिम्मेवारी सेवा प्रदायक कम्पनीको भएको नियमावलीमा उल्लेख छ ।

यातायात सेवाको आधारमा भाडादर मन्त्रालयले तोके बमोजिम हुने नियमावलीमा छ । मन्त्रालयले भाडादर तोक्दा साधारण ट्याक्सीलाई तोकिएको भाडादरलाई आधार दर मानी उक्त दरमा नबढ्ने गरी तोक्नु पर्ने नियमावलीमा छ ।

ट्याक्सीमा सुरुमा चढ्नेबित्तिकै ८०, त्यसपछि प्रत्येक २ सय मिटरमा १० रुपैयाँका दरले बढ्दै जाने व्यवस्था छ । यसरी हेर्दा १ किलोमिटर १ सय २० रुपैयाँ पर्न जान्छ । २ किलोमिटर १ सय रुपैयाँ पर्न जान्छ भने ३ किलोमिटरको ३ सय २० र १५ किलोमिटरभन्दा बढी जानु परे किलोमिटरको ३७ रुपैयाँको दरले पर्ने गण्डकी प्रदेशमा कानुनी व्यवस्था छ । राइड सेयरिङ तथा सेल्फ ड्राइभमा पनि यही व्यवस्था लागु हुने छ ।

राइड सेयरिङ एप प्रयोग गरेबापत सेवाप्रदायक कम्पनीले सवारी धनी वा सवारी चालकबाट प्रति कारोबार उल्लेख भएको रकमको बढीमा बाह्र प्रतिशत सेवा शुल्क लिन सक्ने व्यवस्था गरिएको छ । सेवाप्रदायक कम्पनीले सवारी धनी वा सवारी चालकबाट प्रति कारोबार उल्लेख भएको रकमको एक प्रतिशत रकम लिई प्रदेश सरकारको कोषमा जम्मा गर्नुपर्नेछ ।

भाडा निर्धारण गर्दा निर्धारित यात्रा सुरु हुनुअघिको सम्भावित निष्क्रिय दुरी वा प्रतिक्षा समयलाई समेत परिपूर्ति गर्नका लागि जतिसुकै कम दुरीको यात्रा भए पनि दुई किमी बराबरको न्यूनतम आधार भाडा आकर्षित हुने गरी निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ । सेल्फ ड्राइभको हकमा दश सिट भन्दा बढी क्षमता भएका चारपांग्रे सवारी साधनले नेपाल सरकारले तोके बमोजिम विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति समेतलाई भाडामा छुट दिनुपर्ने छ ।

*(स्रोत: अनलाइनखबर)*

# प्रदीप खड्का र 'बिग बोस' स्टार चुमले ढोरपाटनबाट थाले 'ऐरी' छायांकन



काठमाडौं/अभिनेता प्रदीप खड्काले पश्चिम बागलुङको ढोरपाटन उपत्यकाबाट आगामी फिल्म 'ऐरी'को छायांकन थालेका छन् । प्रदीपसहित चुम दरङ र सोनमले बुधबारदेखि एक्सन फिल्मको सुटिङ थालेका हुन् । धीरज मगर र भुटानी अभिनेता सांगे सेल्ट्रिम आगामी साता छायांकनमा सहभागी हुनेछन् । संचारकर्मीसँग कुरा गर्दै प्रदीपले बुधबारदेखि छायांकन सुरु भएको जनाए ।

सलमान खानले होस्ट गर्ने भारतको चर्चित टिभी रियालिटी शो 'बिग बोस'को पछिल्लो सिजनबाट चर्चामा आएकी बलिउड अभिनेत्री समेत रहेकी चुमले यो फिल्मबाट नेपाली फिल्ममा डेब्यु गर्दैछिन् । फिल्ममा उनी प्रदीपको अपोजिटमा देखिनेछिन् ।

ढोरपाटनमा मात्र ५० दिन छायांकन हुने जनाइएको छ । त्यसपछि काठमाडौं र भारतमा छायांकन तयारी छ । छायांकनकै बीचमा आगामी साता प्रदीप कान्स फिल्म फेस्टिभलमा सहभागी हुन केही दिनको लागि फ्रान्स जाने अपेक्षा गरिएको छ । कान्स मार्केटमा उनको आगामी फिल्म 'एक्लो' पिचिङ हुँदैछ । यसबारे स्वतन्त्र पुष्टि हुन बाँकी छ ।

'ऐरी'लाई जीवन थापाले निर्देशन गरिरहेका छन् । ढोरपाटन शिकार आरक्ष क्षेत्रको जंगल क्षेत्रमा छायांकन हुनेछ । हिमाली परिवेश भएकाले त्यहाँको जनजीवन दर्शाउन घोडाचढी र तिर हान्ने जस्ता कौशल कलाकारले सिकिरहेका छन् ।

छायांकन ३ महिना चल्ने, ८ महिना भीएफएक्स गर्दैमा बित्ने भएकाले फिल्मको निर्माण हुन १ वर्ष लाग्ने बताइन्छ ।

यो फिल्मलाई निर्देशक थापाको उपकरण कम्पनी मल्टिमेटले भारतीय वितरकसँगको सहकार्यमा निर्माण गर्दैछ । नेपाली र हिन्दी भाषामा बन्ने यो फिल्मलाई केही क्षेत्रीय भाषामा पनि स्वरांकन गर्ने बताइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## स्रोतको अभावमा बजेट बनाउन नसकिएको प्रदेश सरकारको गुनासो

# देश बनाउन सबै क्षेत्रमा सुधार गरौं: मुख्यमन्त्री लामा

साझाकुरा संवाददाता

हेटौंडा, ३१ बैशाख/संघ सरकारले प्रदान गर्ने अनुदान कटौती हुँदै जाने र राजस्वको स्रोत बढाउन नसक्ने परिस्थितिका कारण बागमती प्रदेश सरकारले आगमी वर्षको बजेट बनाउनसमेत कठिनाइ भएको बताएको छ ।

वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँडबापतको रकम प्राप्त नभएका कारण बजेट बनाउन नसकिने अवस्था भएको मन्त्रालयले सार्वजनिक गरेको विवरणमा उल्लेख गरिएको छ । बुधबार संघीय राजधानीमा आयोजित 'संघीयताको कसीमा बजेटसम्बन्धी छलफल'मा बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले १४ बुँदे विवरण प्रस्तुत गर्दै स्रोतको अभावका कारण बजेट बनाउने चुनौती रहेको बताएका हुन् ।

संघका पूर्वअर्थमन्त्रीहरु, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, बागमती प्रदेशका मुख्यमन्त्री, प्रदेश नीति तथा योजना आयोगका अधिकारी, वित्त आयोगका अधिकारी, प्रदेश मन्त्रालयका सचिवहरु सहभागी कार्यक्रममा आर्थिक मन्त्रालयका सचिव मैनालीले नयाँ मात्र नभई विगतमा सुरु गरेका योजनालाई कार्यान्वयन गर्न वित्त व्यवस्थापन धेरै कमजोर रहेको बताए ।

मन्त्रालयका तर्फबाट प्रस्तुत विवरणमा प्रदेशले कृषि र वनबाट हुने राजस्व प्रदेशले न्यून मात्रामा मात्र संकलन भएको उल्लेख गरिएको छ । प्रदेशको आम्दानी ९० प्रतिशतसम्म हिस्सा संघले दिएको बजेटमा निर्भर रहेको भन्दै सचिव मैनालीले आम्दानीको हिस्सा बढाउन नसक्दा योजना कार्यान्वयनमा समस्या भएको बताए । राजस्वको स्रोत संघले प्रदेशमा नपठाएको गुनासो राख्दै आर्थिक मामिला सचिव मैनालीले संघीय सरकरका विषयगत संरचना धमाधम स्थापना भइरहेको स्मरण गराउँदै यसबाट संघीय प्रणालीको विकासका अवरोध पुगेको बताए ।

बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजना तथा फेडरलिजम तथा लोकलाइजेसन सेन्टरको समन्वयमा बजेट निर्माण र कार्यान्वयनमा सघाउ पुर्‍याउने उद्देश्यले आयोजना गरेको कार्यक्रममा राजस्व नबढाइ बजेट विनियोजनमा मात्र ध्यान दिएर संघीय प्रणाली बलियो हुन नसक्ने धारणा प्रस्तुत गरिएको थियो । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले सबै मिलेर मुलुकमा लगानीको वातावरण सिर्जना गर्नुपर्ने बताए ।

उनले देश बनाउन सबै क्षेत्रमा सुधार ल्याउनुपर्नेमा जोड दिए । उनले लगानीकर्तालाई सुरक्षित महसुस गराउन नसक्दा उद्योगधन्दा सञ्चालन गर्न नसकिएको बताए । मुख्यमन्त्री लामाले नेपालमा लगानीकर्तालाई ठग्ने र राजनीतिक तथा अन्य क्षेत्रबाट तनाव दिने गरिएको बताउँदै लगानीको वातावरण सिर्जना नभएको जिकिर गरे । उनले प्रदेशलाई आवश्यक अधिकार नहुँदा उद्योगधन्दा सञ्चालन गर्न नसकिएको बताए ।

मुख्यमन्त्री लामाले संघ सरकारले हेटौंडा सिमेन्ट उद्योग सञ्चालन जिम्मेवारी प्रदान गरे दुई वर्षभित्र नाफामा ल्याउने दाबी गरे । उनले हेटौंडा कपडा उद्योग पनि पुँजी नभएर थन्किएर बसेको जिकिर गरे । मुख्यमन्त्री लामाले संघीयताको कार्यान्वयन सही तरिकाले नहुँदा नैराश्यता छाएको बताए ।

# 'अस्पताल जस्तो संवेदनशील क्षेत्रमा डेडिकेटेड लाइनको व्यवस्था हुनुपर्छ'

साझाकुरा संवाददाता



हेटौंडा, ३१ बैशाख/ अस्पतालहरुमा उर्जा आपूर्ति कटौती हुँदा आइपर्ने समस्याका विषयमा हेटौंडामा कार्यशाला सम्पन्न भएको छ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको साझेदारीमा सामाजिक तथा वातावरणीय परिवर्तन अध्ययन संस्था नेपालले अस्पतालमा आकस्मिकरुपमा उर्जा कटौती हुँदा हुनसक्ने जोखिम, पूर्वतयारी लगायतका बारेमा सरोकारवाला निकायसँग छलफल गरेको हो । प्राकृतिक विपद्, प्राविधिक समस्या वा अन्य विविध कारणले विजुली आपूर्तीमा अवरोध आउँदा अस्पतालको सेवाप्रवाहमा पर्न सक्ने प्रभावका विषयमा कार्यशाला केन्द्रित रहेको थियो ।

कार्यक्रममा सहभागीले अस्पताल जस्तो संवेदनशीलक्षेत्रमा डेडिकेटेड लाइनको व्यवस्था हुनुपर्ने, वैकल्पिक उर्जाका स्रोतमा लगानी बढाउनुपर्ने, समयसमयमा जेनेरेटरको क्षमता जाँच हुनुपर्ने, अस्पतालमा उर्जा आपूर्ति कटौती हुनै नदिने प्रतिबद्धता सहितको नीति बनाउनुपर्ने र बजेट विनियोजन गर्नुपर्ने लगायत सुझाव दिएका थिए । साथै, अस्पताल निर्माण गर्दा भूगर्भीय अध्ययन अनिवार्य गरिनु पर्ने, कम उर्जाखपत गर्ने उपकरणको प्राथमिकता दिनुपर्ने लगायत सुझाव समेटिएको थियो । कार्यशालामा अनुसन्धानकर्ता कञ्चनमणि दीक्षित, डाक्टर नरेश रिमालले पेश गरेको अनुसन्धान प्रतिवेदन अनुसार हेटौंडा अस्पताल रहेको स्थान प्राकृतिक प्रकोपको उच्चजोखिममा रहेको देखाइएको छ ।

कार्यशालामा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.गंगादत्त नेपालले वैकल्पिक उर्जा स्रोतको प्रयोगमा नीतिगत प्रतिबद्धता आवश्यक रहेका बताए । प्रतिष्ठानका उपकुलपति डाक्टर प्रदीप ज्ञवालीले हेटौंडा अस्पतालमा मात्र नभई प्रदेशका १३ वटै अस्पतालमा यस्ता अनुसन्धान आवश्यक रहेको बताए ।

हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.रामचन्द्र सापकोटाले आकस्मिकरुपमा पावर कट हुँदा तत्काल सेवा सुनिश्चित कसरी गर्न सकिन्छ भन्ने विषयमा प्रयोगतात्मक अभ्यास आवश्यक रहेको बताए । छलफलमा प्रदेश र स्थानीय तहका प्रतिनिधि, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, निजीक्षेत्रका प्रतिनिधि, नागरिकसमाज, ऊर्जा प्रदायक क्षेत्रका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# कानुनले सबैलाई अवसर र दृष्टिकोणले हेर्नुपर्छ: मुख्यमन्त्री लामा

साझाकुरा संवाददाता



हेटौंडा, ३१ बैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले कानुनले सबैलाई अवसर दिँदै समान दृष्टिकोणले हेर्नुपर्ने बताएका छन् ।

प्रदेश सुशासन केन्द्र बागमती प्रदेशद्वारा बुधबार ललितपुरमा आयोजित प्रदेशसभाका महिला सदस्यका लागि सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखीकरणमा उनले कार्यक्रमको उद्देश्य लैङ्गिक समानता र समावेशीकरणका साथै बजेट निर्माणमा लैङ्गिक समावेशीकरणलाई जोड दिएर अभिमुखीकरण गर्ने भएको बताए । उनले भने, 'प्रदेशसभामा महिलाको उल्लेख्य सहभागिता छ, अबको समयमा समावेशीकरणमा ठूलो फड्को मार्नेछ भन्ने आशा छ, यस्ता अभिमुखीकरणबाट प्राप्त हुने ज्ञानले सबै वर्ग, समुदाय, जातजाति र लिङ्गबीच समान्जस्यता कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।'

कार्यक्रममा बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले प्रदेशसभाको नीति तथा कार्यक्रम र बजेट निर्माणको पूर्वसन्ध्यामा यो कार्यक्रम आयोजना हुनु सकारात्मक रहेको बताए । उनले भने, 'समावेशीकरण संविधानको सुन्दर पक्ष हो । राज्यको हरेक निकायमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनु सकरात्मक छ तर, महिला भित्रको असमान अवस्थालाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने पनि चुनौती छ, अब समावेशीकरण सँगसँगै महिलाको आर्थिक सक्षमता अभिवृद्धिका लागि पनि जोड दिनुपर्छ ।

अब महिलाको प्रतिनिधित्व ५१ प्रतिशत पुर्याउन सक्नुपर्छ, दक्षिण एसियामा मात्र होइन, एसियामा नै महिला सहभागिताको सन्दर्भमा हामी अगाडि छौँ, यो अत्यन्तै महत्वपूर्ण कुरा छ ।' बागमती प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईँले सकरात्मक सोचको विकास हुँदा जिम्मेवारीमा रहेर सहजै कार्यसम्पादन गर्न सकिने विश्वास व्यक्त गरिन् । उनले महिला सदस्यलाई सामाजिक समावेशीकरणको अभिमुखीकरण गर्दा आगामी दिनमा तय हुने वार्षिक बजेट र नीति तथा कार्यक्रमलाई लैङ्गिकमैत्री बनाउन प्रभावकारी हुने धारणा राखिन् ।

प्रदेश सुशासन केन्द्रका कार्यकारीनिर्देशक गोपालकृष्ण न्यौपानेले नेपालको संविधानले अवलम्बन गरेको समावेशीकरणको अवधारणामा रहेर योजना तथा बजेट निर्माणका विषयमा केन्द्रित रहेर सामाजिक समावेशीकरणसम्बन्धी नीतिगत व्यवस्थाका लागि काम गर्न सहयोग पुर्‍याउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको जानकारी गराए ।

# रासायनिक मलको विकल्प खोज्नुपर्छ: सहामहामन्त्री डीना

साझाकुरा संवाददाता

हेटौंडा, ३१ बैशाख/ मकवानपुरको बकैया गाउँपालिका-७ मा हर्दाखहरे बोरिङ सिंचाई आयोजनाको उद्घाटन गरिएको छ ।

बागमती प्रदेश सरकारको सहयोगमा निर्माण गरिएको बोरिङको नेपाली काँग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डीना' र बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिँचाईमन्त्री श्यामबहादुर खड्काले संयुक्तरुपमा उद्घाटन गरेका हुन् । कुल ३६ लाख रुपैयाँ लागतमा सम्पन्न आयोजनाबाट १५ बिगाहा क्षेत्रफल जमिनमा सिंचाई सुविधा उपलब्ध हुने बताइएको छ । यो सिंचाई आयोजनाले १० हर्जपावर क्षमताको पम्पमार्फत ८ लिटर प्रतिसेकेन्ड पानी प्रवाह गर्न सक्ने क्षमता राख्ने भूमिगत सिँचाई आयोजना प्रमुख केशव जैशीले जानकारी दिए ।

बंजर जमिनमा सिँचाई सुविधा पुगेपछि हर्दाखहरे टोलका किसान खुशी भएका छन् । आकाशे पानीको भरमा वर्षको एकबाली मात्रै खेती गर्दै आएका किसान वर्षभर खेती गर्न पाउने भएपछि उत्साहित बनेका हुन् । कार्यक्रममा नेपाली कांग्रेसकी सहमहामन्त्री डीनाले जमिनमा जल र मलको संयोजन मिलाउनुपर्ने बताएकी छिन् । उनले जल र मलको संयोजन मिलाउनसके कृषिउत्पादनमा उल्लेख्य वृद्धि गर्न सकिने उल्लेख गरिन् । सहमहामन्त्री डीनाले रासायनिक मलको कारण माटोको उर्वराशक्ति ह्रास हुँदै गएकोमा चिन्ता व्यक्त गरिन् ।

रासायनिक मलको विकल्प खोज्नुपर्ने आवश्यकता भएको उनको भनाई छ । सहमहामन्त्री डीनाले अब जैविक मलको प्रयोग बढाउनु पर्नेमा जोड दिइन् । स्थानीय सरकारले पनि जैविक मलमा अनुदानको व्यवस्था गर्नुपर्ने उनले बताइन् । आगामी आर्थिक वर्षका लागि नेपाल सरकारले जैविक मल प्रोत्साहनका लागि ८ अर्ब रुपैयाँ अनुदान विनियोजन गर्न लागेको उनले जानकारी दिइन् । कार्यक्रममा खानेपानी उर्जा तथा सिँचाई मन्त्री खड्काले नेपालमै रोजगारीको वातावरण बनाउन कृषिक्षेत्रको उत्पादकत्व बढाउनुपर्ने धारणा राखे ।

बागमती प्रदेशमा रहेका उर्वरजमिनमा मल, जल, बीउ र सिँचाईको उचित प्रबन्ध गरेर यहीं रोजगारी सिर्जना गर्न सकिने उनले बताए । मन्त्री खड्काले तीन तहको सरकारबीच समन्वय गरी विकास निर्माणका कार्य अघि बढाउनु आवश्यक रहेकोमा जोड दिए । 'बेतेनीदेखि रक्सिराङसम्मको क्षेत्रमा अझैपनि खानेपानीको चरम अभाव रहेको छ 'मन्त्री खड्काले भने, 'निर्वाचित जनप्रतिनिधिले दलभन्दा माथि उठेर जनताका लागि काम गर्नुपर्छ' उनले अब ग्राउन्ड रिचार्ज प्रणालीको आवश्यकता रहेका पनि बताए ।

सिँचाई उपभोक्ता समितिका अध्यक्ष तोत्रप्रसाद बोलखेको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, नेपाली कांग्रेस नेता आनन्दराम पराजुली, पालिकाका पूर्वअध्यक्ष दामोदर खनाल, अन्य जनप्रतिनिधि लगायत स्थानीयको उपस्थिति थियो ।

## प्रदेश सरकारको बेरुजु ५ अर्ब २ करोड:

# सबैभन्दा बढी मधेशमा, कम बागमतीमा



साझाकुरा संवाददाता

हेटौंडा, ३१ बैशाख/गत आर्थिक वर्ष प्रदेश सरकारको कुल बेरुजु १ दशमलब ३८ प्रतिशत देखिएको छ । ७ प्रदेशका १ हजार २ सय ९० कार्यालयमा गरिएको ३ खर्ब ६२ अर्ब ९१ करोड ९० लाख रुपैयाँको लेखापरीक्षणमा ५ अर्ब २ करोड १९ लाख बेरुजु देखिएको हो ।

आर्थिक वर्ष २०८०/८१ मा ७ प्रदेशमध्ये सबैभन्दा धेरै बेरुजु मधेशमा देखिएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६२ औं वार्षिक प्रतिवेदनमा मधेश प्रदेशमा कुल बेरुजु २.०७ प्रतिशत देखिएको हो भने सबैभन्दा कम बागमतीमा १ दशमलब ०३ प्रतिशत देखिएको छ । मधेशमा रहेका १ सय ५९ सरकारी कार्यालयको ५६ अर्ब ६ करोड ३० लाख रुपैयाँको लेखापरीक्षण गर्दा १ अर्ब १६ करोड ३८ लाख कुल बेरुजु देखिएको हो ।

यस्तै बागमतीमा रहेक २ सय १४ कार्यालयको ८२ अर्ब ८२ करोड ३५ लाख रुपैयाँ लेखापरीक्षण गर्दा ८५ करोड १७ लाख बेरुजु देखिएको हो । कोशीमा २ सय १ कार्यालयको ५१ अर्ब ४१ करोड ६९ लाख रुपैयाँको लेखापरीक्षण गर्दा ८६ करोड ८१ लाख अर्थात् १.६९ प्रतिशत बेरुजु देखिएको छ । सुदूर पश्चिममा १ सय ६२ कार्यालयको ३५ अर्ब ६२ करोड ५९ लाख रुपैयाँ लेखापरीक्षण गर्दा १.४१ प्रतिशत अर्थात् कुल बेरुजु ५० करोड ६ लाख देखिएको छ । त्यस्तै लुम्बिनी र कर्णालीमा १.२२ प्रतिशतका दरले बेरुजु महालेखाले देखाएको छ ।

लुम्बिनीमा २ सय ११ कार्यालयको ५४ अर्ब १६ करोड ४ लाख रुपैयाँ लेखापरीक्षण गर्दा कुल बेरुजु ६० करोड ९४ लाख रुपैयाँ देखिन आएको हो । महालेखाका अनुसार कर्णालीमा १ सय ४० कार्यालयको ३७ अर्ब ५८ करोड ६६ लाखको लेखापरीक्षण गर्दा ४५ करोड ९४ लाख रुपैयाँ बेरुजु देखिएको हो । गण्डकीमा २ सय ३ कार्यालयको ४५ अर्ब २४ करोड २४ लाख रुपैयाँ लेखापरीक्षण गर्दा १.१५ प्रतिशत अर्थात् ४५ करोड बेरुजु देखिएको छ ।

HIMALAYANLIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI०५७००००८१७ | चन्दनकुमार अमात्य | हेटौंडा-१०, मकवानपुर |


# संसदीय निर्वाचनको झल्को दिनेगरी ज्ञानोदयमा विद्यार्थी निर्वाचन



साझाकुरा संवाददाता

हेटौंडा, ३१ बैशाख/ हेटौंडा उपमहानगरपालिका-२, संगमचोकस्थित ज्ञानोदय बालबाटिका एकेडेमीका विद्यार्थीले मतदान प्रक्रियाबाट विद्यालयको क्याप्टेन र भाइस क्याप्टेन तथा हाउस क्याप्टेन चयन गरेका छन् ।

क्याप्टेन चयन गर्दा अपनाइएको निर्वाचन प्रक्रियाले कुनै आवधिक वा स्थानीय तहको निर्वाचनको झल्को दिएको थियो । विद्यार्थीले अध्ययन गर्ने सामाजिक शिक्षमा निर्वाचन प्रक्रियाका बारेमा पढ्नै पर्ने र व्यवहारिक ज्ञानसमेत हुने भएपछि विद्यालयले विद्यार्थीबीच क्याप्टेन तथा भाइस क्याप्टेन चयन गर्न निर्वाचन प्रक्रिया अपनाएको विद्यालयका अतरिक्ति क्रियाकलाप संयोजक प्रितेशकुमार कलवारले जानकारी दिए । विद्यालयमा विद्यार्थीको नेतृत्व चयनमा स्वच्छ प्रतिस्पर्धा पनि हुने र विषयगत ज्ञान पनि हुने भएकाले निर्वाचन प्रक्रिया अपनाइएको उनको भनाई छ ।

यसअघि विद्यालय प्रशासन आफैंले विद्यालयमा आवस्यक पर्ने क्याप्टेन र भाइस क्याप्टेन चयन गर्दै आएको थियो । आइतबार विद्यालयमा भएको निर्वाचनबाट क्याप्टेनमा छात्रतर्फ कक्षा ९ का निमेश आचार्य १७९ र छात्रातर्फ जमुना ढुंगाना १५३ मतसहित निर्वाचित भए । क्याप्टेनको छात्रतर्फ निकटमत प्रतिस्पर्धी सुवास घलानले ९२ मत र छात्रातर्फ प्रविसा ढकालले ९३ र नुरमा राणाले २३ मत पाएको निर्वाचन अधकृित अनिता न्यौपानेले जानकारी दिइन् ।

उनका अनुसार भाइस क्याप्टेनमा छात्रबाट कक्षा ८ का राजबीर बानियाँ १०६ मत र कक्षा ८ कै सुप्रिमा श्रेष्ठ १६६ मतसहित निर्वाचित हुँदा भाइस क्याप्टेनमा छात्रतर्फ समिप सिंहले ७५, आवेश उप्रेतीले ५६ र संस्कार बानियाँले ३४ मत तथा भाइस क्याप्टेनमा आर्जु खातुनले १०५ मत प्राप्त गरिन् ।

मतदानमा विद्यालयका कक्षा ६ देखि १० सम्मका २८५ विद्यार्थीले भाग लिएका थिए । विद्यालय चुनावमा जानुअघि उम्मेदवारी घोषणा, मनोनयन दर्ता, दावीविरोध, उम्मेदवारी फिर्ता, चुनाव प्रचारप्रसार, मौनअवधि जस्ता आधारभूत क्रियाकलापमा विद्यार्थीलाई संलग्न गराएको निर्वाचन अधकृित न्यौपानेले बताइन् । निर्वाचनबाटै विद्यालयमा रहेका चारवटा विभिन्न हाउसका क्याप्टेन र भाइस क्याप्टेन पनि निर्वाचित भएको उनले जानकारी दिइन् । प्रतस्पिर्धी विद्यार्थीले विद्यार्थी मतदातासँग मत मागेका थिए ।

विद्यालय परसिरभित्र बनाइएको चारवटा मतदानकेन्द्रमा मतदान गरेका थिए । निर्वाचन सम्पन्न गराउन मावि संयोजक भीम प्रधान, निमावि संयोजक करुणा थापा, भाग्य श्रेष्ठ, रमेश थापा, सुमिना थापा, आषिश सुवेदी, अञ्जली प्रधानलगायतले विभिन्न जिम्मेवारी निर्वाह गरेका थिए । निर्वाचित क्याप्टेन र भाइस क्याप्टेनलाई विद्यालयका कार्यवाहक प्रिन्सिपल अनिरुद्र धमला र विद्यालयका सञ्चालक सञ्जय सुवेदीले जिम्मेवारी हस्तान्तरण गरेका थिए ।

# लैङ्गिकहिंसा निवारण कोष प्रभावकारी कार्यान्वयनमा ल्याउन जोड

साझाकुरा संवाददाता



हेटौंडा, ३१ बैशाख/ मनहरी गाउँपालिकामा 'लैङ्गिक समानता तथा सामाजिक समावेशिता सम्बन्धी नीति, रणनीति, निर्देशिका तथा कार्यविधि २०८१' छलफल भएको छ ।

महिलाउत्थान समाज मकवानपुरको आयोजनामा भएको छलफलमा स्वतन्त्र परामर्शदाता सरिता दाहालले विस्तृत अध्ययन प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । गाउँपालिकाले हालसम्म महिलाको आर्थिक सशक्तिकरण, लैङ्गिकहिंसा रोकथाम, सामाजिक न्याय लगायत क्षेत्रमा अवलम्बन गरेका नीति र कार्यक्रमको मूल्यांकन र कार्यान्वयनमा देखिएका अप्ठ्यारा र कठिनाइको विश्लेषण गर्दै आगामी दिनका लागि सुझाव दिन छलफल गरिएको परामर्शदाता दाहालले बताइन् ।

प्रतिवेदन अनुसार, गाउँपालिकामा लैङ्गिक समानता सम्बन्धी नीतिहरु रहेपनि लैङ्गिक बजेटको न्यून विनियोजन, निष्क्रिय व्यवस्थापन समिति, स्रोतको कमजोर उपयोग, अनुगमन प्रणालीको अभावलगायत समस्या विद्यमान रहेको छन् । सुरक्षित आवास तथा लैङ्गिकहिंसा निवारण कोष प्रभावकारी रुपमा कार्यान्वयनमा नआएको भन्दै अध्ययनमा तत्काल सुधारको आवश्यकता औँल्याइएको छ । मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीले प्रतिवेदनको विश्लेषणलाई गम्भीररुपमा लिँदै, नीति तथा कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र सुदृढ गर्ने प्रतिबद्धता जनाइन् ।

उनले आगामी वर्षको बजेट निर्माणमा अध्ययन प्रतिवेदनमा समेटिएका विषयलाई प्राथमिकताका साथ समावेश गरिने प्रतिबद्धता व्यक्त गरिन् । महिलाउत्थान समाज मकवानपुरले प्रतिवेदनका आधारमा नीति कार्यान्वयन सुधार, स्रोतको प्रभावकारी व्यवस्थापन, तथा सबै तहका संयन्त्रलाई सक्रिय बनाउनेतर्फ आवश्यक कदम चाल्नुपर्ने सुझावसहित सम्बन्धित पक्षको ध्यानाकर्षण गराएको छ ।

आगलागीबाट बच्नको लागि
गाउँपालिकावासीहरुमा हार्दिक अनुरोध ।।

१. जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं ।
२. सलाई, लाईटर, मट्टीतेल र ग्यास जस्तो आगो लाग्ने सामाग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस् ।
३. ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस् ।
४. गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस् ।
५. हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले बिशेष सावधानी अपनाउनुहोस् ।
६. घाँस र दाउराको लागि जंगलमा जादा आगो लाग्ने सामाग्रीहरु पुर्ण रुपमा निषेध गर्नुहोस् ।
७. गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा बिशेष सावधानी अपनाउनुहोस् ।
८. यदि कसैले अटेरी गरी गहुँ अवशेषमा आगो लगाएमा रु. २५,००० ।- सम्म जरिवाना सँगै क्षतिपुर्ति र कानुन बमोजिमको कार्बाही गरिन्छ ।
९. यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

मकवानपुरगढी गाउँपालिका कार्यालय
मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना